Soaltee Hotel Limited







# ४२औं वार्षिक प्रतिवेदन

## २०७२/२०७३ (२०१५/२०१६)

## ताहाचल, काठमाडौं, नेपाल

# वर्तमान संचालक समिति



श्री दिनेश बहादुर विष्ट (कार्यकारी अध्यक्ष)
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री रवि भक्त श्रेष्ठ
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री राजेश काजि श्रेष्ठ
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री जया राज्य लक्ष्मी शाह
प्रतिनिधि,
सोल्टी इन्टरप्राइजेज् प्रा.लि.



श्री रामहरि शर्मा सेढाई
प्रतिनिधि,
नेपाल वायुसेवा निगम



श्री शान्थ असिरी डी सिल्वा
प्रतिनिधि,
हलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लि.



श्री विजय बहादुर श्रेष्ठ
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री शशिराज पाण्डे
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री निरन्जन कुमार टिबरेवाला
सर्वसाधारण शेयरधनीहरुबाट
निर्वाचित



श्री स्टिफेन जांन कारोल
श्री शान्थ असिरी डी सिल्वाका
वैकल्पिक संचालक (प्रतिनिधि)
हलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लि.

## कम्पनी सचिव



श्री लिल बहादुर खत्री

Soaltee Hotel Limited

# ४२औं वार्षिक साधारण सभा सम्बन्धी
# सूचना

**श्री शेयरधनी महानुभाव,**

मिति २०७३ मंसिर ९ गते (२४ नोभेम्बर २०१६) बिहिबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २०८औं बैठकको निर्णय अनुसार यस कम्पनीको ४२औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निणर्य गर्न बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान:**

मिति: २०७३ साल पौष २५ गते तद्नुसार ९ जनवरी २०१७, सोमबारका दिन ।

समय: विहान १०.३० बजे ।

स्थान: सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं ।

**२. छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) वार्षिक अर्थिक विवरणहरु (हिसाव किताव) २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण ( नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि शेयरधनीहरुलाई चुक्ता पूँजीको ११.०५२६३१५८ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गरी पारित गर्ने ।

**(ख) विषेश प्रस्ताव**

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

**(ग) विविध**

६. विविध: अध्यक्षको अनुमति अनुसार ।

संचालक समितिको आज्ञाले

लिल बहादुर खत्री
कम्पनी सचिव

<u>संलग्न कागजातहरु:</u>

१. ४२औं वार्षिक साधारण सभा र निर्वाचन सम्बन्धी सामान्य जानकारी, प्रतिनिधि नियुक्त गर्ने निवेदन फाराम र प्रवेश पत्र ।

२. आर्थिक वर्ष २०७२/०७३ को संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितका बार्षिक आर्थिक विवरणहरु, वासलात, आम्दानी विवरण, र नगद प्रबाह विवरण आदि ।

३. सहायक कम्पनी एच आई सोल्टी होटेल कम्पनी प्राइभेट लि. तथा सोल्टी हस्पिटालिटी लि. को आर्थिक वर्ष २०७२/०७३ को संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितका वार्षिक आर्थिक विवरणहरु ।

# ४२औं वार्षिक साधारण सभा सम्बन्धी
# सामान्य जानकारी

१. ४२औं वार्षिक साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज दर्ता किताब **सोमबार, २०७३ साल मंसिर २७ गते देखि २०७३ पौष २५** गते (**१२ दिसम्बर २०१६ देखि ९ जनवरी २०१७**) सोमबार अर्थात ४२औं वार्षिक साधारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ ।

२. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा **७ दिन अगावै** अर्थात **२०७३ पौष १८** (**२ जनवरी २०१७**) गते सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षलाई लिखित जानकारी पठाउनु पर्नेछ, जसबाट त्यस विषयमा तयारी गर्न कम्पनीलाई सजिलो हुनेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

३. शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन संगै पठाइएको प्रवेश पत्र सभा हुने स्थानमा आफूसंगै अनिवार्य रुपमा लिई आउन अनुरोध गरिन्छ । प्रवेश पत्र प्राप्त नगर्नु भएका शेयरधनी महानुभावहरुले कार्यालय समयमा **२०७३ पौष ४ (१९ दिसम्बर २०१६) गते देखि** कम्पनीको रजिष्ट्रर्ड कार्यालय सोल्टी परिसर, ताहाचल, काठमाण्डौं बाट प्राप्त गर्न सक्नु हुनेछ । प्रवेश पत्र वा सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाताको विवरण (डिम्याट एकाउन्ट नम्बर) र आफ्नो परिचय खुल्ने प्रमाण देखाएपछि मात्र सभाकक्षमा प्रवेश गर्न दिइनेछ ।

४. सभा हुने भनी तोकिएको समय भन्दा आधा घण्टा अगावै सभा कक्षमा उपस्थित भईदिनु हुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । शेयरधनी उपस्थिति पुस्तिका शेयरधनीहरुको हाजिरी दस्तखतका लागि बिहान ९ बजेदेखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।

५. साधारण सभामा प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी प्रतिनिधि नियुक्त पत्र, सभा शुरु हुन भन्दा कम्तीमा **४८** घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचलमा दर्ता गर्नुपर्ने छ । यसरी प्रतिनिधि नियुक्त गरेको अवस्थामा प्रतिनिधि मनोनित हुने व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

६. शेयरधनीले आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा त्यसको लिखित जानकारी सभा शुरु हुनु भन्दा कम्तीमा **४८ घण्टा अगावै** कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा, कार्यालय समय भित्र दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

७. एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेकोमा कम्पनीको कार्यालयमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति निवेदनलाई मात्र मान्यता दिई त्यस्तो प्रतिनिधिलाई नै सभामा भाग लिन एवं मतदान गर्न दिइनेछ ।

८. शेयरधनीहरुको दर्ता किताबमा नाबालक शेयरधनीको संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले मात्र सो नाबालक शेयरधनीको तर्फबाट सभामा भाग लिन एवं मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नुहुनेछ ।

९. साझा गरी एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता सबै साझेदारहरुद्वारा मनोनीत गरिएको साझेदारले सभामा भाग लिन र मतदान गर्न पाउनेछ र सो बमोजिम कुनै साझेदार मनोनीत हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार सबै भन्दा अघि लेखिएको छ सो साझेदारले सभामा भाग लिन वा मतदान गर्न पाउनेछ ।

१०. सभाको सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सभा स्थलमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुर्‍याउन अनुरोध गरिन्छ । साथै सभा स्थलमा कुनै किसिमका झोला, प्याकेट आदि यथासक्य नल्याउनुहुन पनि शेयरधनी महानुभावहरुमा अनुरोध गरिन्छ ।

११. साधारण सभा सम्बन्धी थप अन्य जानकारीको लागि शेयरधनी महानुभावहरुलाई कम्पनीको रजिर्ष्ट्रड कार्यालय ताहाचल, काठमाडौंमा सोमबार देखि शुक्रबार सम्म बिहान १० बजेदेखि अपरान्ह ४ बजे सम्म सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

# प्रतिनिधि नियुक्त गर्ने निवेदन

**श्री संचालक समिति** **मिति ..........................**
**सोल्टी होटल लिमिटेड**
**ताहाचल, काठमाडौं ।**

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.. ... ... .. ... ... जिल्ला .. ... ... .. ... म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.वि.स. वडा नं... .. ... ... बस्ने म / हामी .. ... ... .. ... ... .. ... ... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०७३ पौष २५ गते (९ जनवरी, २०१७), सोमवारका** दिन हुने **४२औं** वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.. ... ... जिल्ला.. ... ... .. ... ... म.न.पा. / उ.म.न.पा. / न.पा. / गा.वि.स.वडा नं... ... ... बस्ने त्यस कम्पनीका शेयरधनी श्री .. ... ... .. ... ... .. ... ... शेयर प्रमाण पत्र नं. .. ... ... लाई मेरो / हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु / छौं ।

<u>निवेदक</u>
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
कि. नं. .................. देखि ................. सम्म

(द्रष्टव्यः यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचल, काठमाण्डौंमा पेश गरिसक्नु पर्नेछ)

..........................................यहांबाट काटनुहोस.........................................................................................

## सोल्टी होटल लिमिटेड
### ताहाचल, काठमाडौं

## <u>प्रवेश–पत्र</u>

**शेयरधनीको नाम .. .. .. .. .. .. .. .. .. .. .. .. .. .. ..**

**संकेत नं. (शेयरधनी नम्बर) .. .. .. .. .. .. शेयरधनी प्रमाण पत्र नम्बर .. ..**

**धारण गरेको जम्मा शेयर संख्या .. .. .. .. .. ..**

**शेयरधनीको हस्ताक्षर .. .. .. .. .. ..**

**कम्पनी सचिव**

**(सभा कक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा देखाउन गर्नु पर्नेछ)**

(सोल्टी होटल लिमिटेडको २०७३ पौष २५ गते हुने ४२औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको)

# प्रतिनिधि नियुक्ति सम्बन्धी
# सामान्य नियमहरु

१. साधारण सभामा प्रतिनिधि पठाउन चाहने शेयरधनीहरुले अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी प्रतिनिधि नियुक्ति निवेदन सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, ताहाचलमा दर्ता गर्नुपर्ने छ । यसरी प्रतिनिधि नियुक्त गरेको अवस्थामा प्रतिनिधि मनोनित हुने व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

२. कुनै प्राइभेट फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस फर्मको मालिकले प्रतिनिधि नियुक्त गरेको निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ प्राइभेट फर्म दर्ता प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ । कुनै साझेदारी फर्मले प्रतिनिधि नियुक्त गर्दा त्यस्तो साझेदारी फर्मका सबै साझेदारहरुले सर्वसम्मतिबाट नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदन मात्र मान्य हुनेछ र यसरी प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधि नियुक्ति निवेदन साथ साझेदारी फर्म दर्ता प्रमाण पत्र समेत संलग्न गर्नुपर्नेछ ।

३. साझा गरी एकभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्ता साझेदारहरुले प्रतिनिधि नियुक्त गर्दा सबै साझेदारले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ । सर्वसम्मति हुन नसकेको खण्डमा शेयरधनीहरुको दर्ता किताबमा संयुक्त शेयरधनीहरु मध्ये जसको नाम सबैभन्दा अगाडि लेखिएको छ निजले दिएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिइनेछ ।

४. कुनै नाबालक शेयरधनीको नाममा शेयर रहेकोमा शेयरधनीको दर्ता किताबमा त्यस्ता नाबालक शेयरधनीको संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सहीछाप गरी नियुक्त गरेको प्रतिनिधि नियुक्ति निवेदनलाई मात्र मान्यता दिइनेछ ।

५. एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेकोमा कम्पनीको कार्यालयमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति निवेदनलाई मान्यता दिई त्यस्तो प्रतिनिधिलाई सभामा भाग लिन एवं मतदान गर्न दिइनेछ ।

६. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीको प्रतिनिधि नियुक्ति निवेदनमा भएको दस्तखत कम्पनीको स्रेस्तामा रहेको निजको दस्तखतसंग रुजु भएमा मात्र त्यस्तो प्रतिनिधि नियुक्ति निवेदन दर्ता गरिनेछ ।

७. शेयरधनीले आफूले नियुक्त गरेको प्रतिनिधि रद्द गर्न चाहेमा त्यसको लिखित जानकारी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा, कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वंय सभामा उपस्थित भएमा आफुले नियुक्त गरेको प्रतिनिधि रद्द गरे पछि निज स्वंयले सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

# संस्थागत जानकारी

**सोल्टी क्राउन प्लाजा काठमाण्डौका संचालक**
**हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग**

<u>ब्यवस्थापन समूह</u>

| | |
|---|---|
| **श्री दिनेश बहादुर विष्ट** | **कार्यकारी अध्यक्ष** |
| श्री दुर्गा श्रेष्ठ (श्रीमती) | मुख्य लेखापाल |
| श्री अमृत तुलाधर | निर्देशक वित्त |
| श्री लिल बहादुर खत्री | कम्पनी सचिव |
| श्री किरण लाल जोशी | निर्देशक व्यावसाय विकास तथा परियोजना |

<u>होटेल संचालन</u>

| | |
|---|---|
| **श्री उपल मजुमदार** | **महाप्रबन्धक** |
| श्री बलराम पाठक | इ.ए.एम. खाद्य तथा पेय |
| श्री साम्बा विक्रम शाह | निर्देशक बिक्रि तथा बजार व्यावस्थापन |
| श्री सरजु रन्जित | निर्देशक मानव संशाधन |
| श्री सुदर्शन चापागाई | निर्देशक वित्त तथा व्यावसाय सहयोग |
| श्री युवराज पोखरेल | एक्जुक्यूटिभ सेफ |
| श्री प्रधुम्न घिमिरे | निर्देशक विक्रि |
| श्री सचिन प्रधान | प्रबन्धक रुम्स डिभिजन |
| श्री सुमति शाक्य | क्राउन मिटिंग निर्देशक |
| श्री सागर चन्द्र वान्तवा राई | एसोसिएट निर्देशक विक्रि |
| **श्री अनुराग देवान** | **निर्देशक फ्लाइट सर्विसेज** |
| श्री बिनिता श्रेष्ठ | निर्देशक गुणस्तर सुदुढीकरण फ्लाइट सर्विसेज |

<u>आन्तरिक लेखापरीक्षक</u>
**टि. आर. उपाध्या एण्ड कं.**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाडौं ।

<u>कानूनी सल्लाहकार</u>
**श्री कोमल प्रकाश घिमिरे**
**घिमिरे एण्ड कम्पनी**
काठमाडौं ।

**श्री अर्जून प्रसाद लम्साल**
**विजय ल फर्म**
काठमाडौं ।

**श्री समिर शर्मा**
**एस एस लिगल प्रा. लि.**
काठमाडौं ।

<u>लेखापरीक्षक</u>
**जोशी एण्ड भण्डारी**
चार्टर्ड एकाउण्टेण्टस्
काठमाडौं ।

<u>बैंकहरु</u>
**नबिल बैंक लिमिटेड**
**नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड**
**एभरेस्ट बैक लिमिटेड**
**ग्लोबल आइएमई बैंक लिमिटेड**
**नेपाल एसबिआई बैंक लिमिटेड**
काठमाडौं ।

<u>रजिष्ट्र्रर्ड कार्यालय</u>
**ताहाचल, काठमाडौं ।**

# विषय सूची


| विषय | पृष्ठ नम्बर |
|---|---|
| • सरलीकृत वासलात तथा आम्दानी विवरण | १ |
| • संचालक समितिको प्रतिवेदन | २ |
| • कार्यसम्पादनका मूख्य आर्थिक सूचकांकहरु | १९ |
| • लेखापरीक्षकको प्रतिवेदन | २८ |
| • वासलात | २९ |
| • नगद प्रवाह विवरण | ३० |
| • पूंजीमा भएको परिवर्तनको विवरण | ३१ |
| • आम्दानी विवरण | ३२ |
| • वासलात तथा आम्दानी विवरणसंग सम्बन्धी अनुसूचीहरु | ३३ |
| • सहायक कम्पनी एच. आई. सोल्टी होटेल कम्पनी प्राइभेट लिमिटेडको संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणहरु | ५० |
| • सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेडको संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणहरु | ५९ |

## ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) को सरलीकृत वासलात

रुपैयाँ

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको |
|---|---|---|
| **कम्पनीको सम्पत्ति** | | |
| **सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ६८८,३१२,६२८ | ७१७,९४५,४७२ |
| अमूर्त सम्पत्ति | १,७९२,३५४ | २,७१५,९७७ |
| निर्माणाधीन पूँजीगत कार्य | १९५,१९८,७७२ | १७८,५५४,४९९ |
| लगानी | ८३,९६६,५३८ | ६५,९६६,५३८ |
| | **९६९,२७०,२९२** | **९६५,१८२,४८६** |
| स्थगन कर सम्पत्ति | ४५,८२५,०१० | ५१,८५३,१८७ |
| **चालू सम्पत्ति** | | |
| जिन्सी मौज्दात, विविध असामीहरु, पेश्की, सापटी, धरौटी, नगद तथा बैंक मौज्दात | ८६३,७४८,३३४ | ८१७,०६०,१५५ |
| न्यून: प्रस्तावित लाभांश | ५८,१९४,९८६ | २७,७११,६८९ |
| न्यून: चालू दायित्व र व्यवस्था | ६१०,४९६,८५४ | ६३८,३८६,१२८ |
| **चालू पूँजी** | **१९५,०५६,४९४** | **१५०,९६२,३३७** |
| **स्थगन खर्च** | **२,७५४,३३७** | **५,५०८,६७५** |
| **कुल सम्पत्ति (खुद)** | **१,२१२,९०६,१३३** | **१,१७३,५०६,६८६** |
| **कम्पनीको दायित्व** | | |
| मध्यम तथा दीर्घकालिन ऋण तथा सापटी | ७,६४९,२१५ | ८,६९६,७१२ |
| **कुल शेयरधनीहरुको कोष** | **१,२०५,२५६,९१८** | **१,१६४,८०९,९७४** |
| **प्रतिनिधित्व/ अर्थात** | | |
| शेयर पूँजी | ५२६,५२६,०६० | ४२१,२१७,६८० |
| संचित नाफा समेतको साधारण जगेडा | ६७८,७३०,८५८ | ७४३,५९२,२९४ |
| | **१,२०५,२५६,९१८** | **१,१६४,८०९,९७४** |
| **ऋण र पूँजीको अनुपात** | **०.०१** | **०.०१** |

## ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) मा समाप्त भएको आर्थिक वर्षको सरलीकृत आम्दानी विवरण

रुपैयाँ

| विवरण | समिक्षा आर्थिक वर्षको | गत आर्थिक वर्षको | बृद्धि/ (कमी) % मा |
|---|---|---|---|
| **आम्दानी** | | | |
| **कोठा, रेष्टुरेण्ट, बैंक्वेट, अन्य सेवा तथा विविध आय** | **१,२४४,०९३,४६२** | **१,४३८,८३६,०९५** | **(१३.५३%)** |
| **खर्च** | | | |
| तलब भत्ता, ज्याला, तथा अन्य कर्मचारीको खर्च | ४१२,१३८,३९० | ४१२,६१९,१६० | (०.१२%) |
| खाद्य, खाद्य आपूर्ति र पेय पदार्थको खपत | २०८,१६१,०४३ | २११,१६१,७२९ | (१.४२%) |
| विद्युत तथा ईन्धन | ११४,१८२,१४६ | १३३,६२८,९२० | (१४.५५%) |
| अन्य संचालन तथा प्रशासकीय खर्च | २६९,३११,८४८ | २८७,४६२,०७४ | (६.३१%) |
| ब्याज | ६१४,८६० | २७२,४३९ | १२५.६९% |
| ह्रास | ८०,७६४,५०७ | ७९,२७८,५०७ | १.८७% |
| कर्मचारी आवास | ७,९४६,०३३ | १५,७२०,६६३ | (४९.४५%) |
| बोनस | १३,७२४,९६७ | २७,१५३,८७३ | (४९.४५%) |
| **जम्मा** | **१,१०६,८४३,७९४** | **१,१६७,२९७,३६५** | **(५.१८%)** |
| यस वर्षको आयकर अघिको मुनाफा | १३७,२४९,६६८ | २७१,५३८,७३० | (४९.४५%) |
| यस वर्षको कर खर्च | (३१,३३७,२५४) | (५६,७७०,७२७) | (४४.८०%) |
| स्थगन कर खर्च | (६,०२८,१७७) | ५,३२२,७६८ | (२१३.२५%) |
| **आयकर पछिको खुद नाफा (बाँड फाँड अघि)** | **९९,८८४,२३७** | **२२०,०९०,७७१** | **(५४.६२%)** |
| अघिल्लो वर्षको कर भुक्तानी | (१,२४६,२६७) | (३,४८८,४५०) | |
| बाँकी नाफा अगाडि ल्याएको | ६८५,१०५,१०६ | ६१६,५६२,७२१ | |
| बोनस शेयर जारी | (१०५,३०८,३८०) | (१२०,३४७,०६०) | |
| बोनस शेयरको खण्डित मूल्य नगदमा (भुक्तानी)/प्राप्ती | ३,९६० | (१,१८८) | |
| प्रस्तावित लाभांश | (५८,१९४,९८६) | (२७,७११,६८९) | |
| **बाँकी वासलातमा सारेको** | **६२०,२४३,६७०** | **६८५,१०५,१०६** | |

# सोल्टी होटल लिमिटेड
# संचालक समितिको प्रतिवेदन

## आदरणीय शेयरधनी महानुभावहरु,

सोल्टी होटेल लिमिटेडको लागि बिक्रम सम्बत् २०७३ साल एउटा गौरवमय वर्ष रहेको छ। आदरणीय शेयरधनी महानुभावहरुलाई कम्पनीको ४२औं वार्षिक साधारण सभामा स्वागत गर्न पाउँदा हर्षित भएका छौं । कम्पनीको ५०औं वर्ष पुगेको यस ऐतिहासिक स्वर्णजयन्ती बार्षिकोत्सवको सुअवसरमा हाम्रो तथा होटेलका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट हृदय देखीनै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

यहांहरु समक्ष कम्पनीको ४२औं वार्षिक प्रतिवेदन तथा २०७३ साल आषाढ ३१ गते तद्नुसार १५ जुलाई २०१६ मा समाप्त भएको आर्थिक वर्षको लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु प्रस्तुत गर्न पाउंदा हामी गौरवान्वित भएका छौं ।

## कारोबार संचालन गतिविधिहरुको समीक्षा

समीक्षा आर्थिक बर्ष २०७२/०७३ (२०१५/१६) मा गत आर्थिक वर्षको तुलनामा कम्पनीको कुल आम्दानी १३.५३ प्रतिशतले ह्रास आएको छ (गत वर्ष २.२५ प्रतिशतले बृद्धी भएको) । समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. १,२४,४०.९३ लाख (गत वर्ष रु. १,४३,८८.३६ लाख) रहेको छ जुन अघिल्लो आर्थिक वर्ष रु. ३,१६.१० लाखले बृद्धी भएको तुलनामा समीक्षा आर्थिक बर्षमा रु. १९,४७.४३ लाखले आम्दानीमा ह्रास आएको छ । अघिल्लो आर्थिक वर्षको रु. ३४,९८.५९ लाखको तुलनामा समीक्षा आर्थिक वर्षमा कम्पनीले रु. २१,७०.९१ लाख नगद मुनाफा आर्जन गरेको छ जुन रु. १३,२७.६८ लाखले घटी हो । त्यसैगरी, समीक्षा आर्थिक वर्षमा कम्पनीको कर पश्चातको खुद मुनाफा ९,९८.८४ लाख रहेको छ (गत बर्ष रु. २२,००.९१ लाख) जुन रु. १२,०२.०७ लाखले घटेको छ ।

## कार्यप्रगतिको झलक:

## वित्तीय नतिजाहरु

आर्थिक वर्ष २०७२/७३ (२०१५/१६) मा कम्पनीले हासिल गरेको प्रमुख कार्यप्रगतिको तुलनात्मक संक्षिप्त वित्तीय तथ्यांकहरु देहाय बमोजिम रहेका छन्:–

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | |
| **कुल आम्दानी** | **१,२४,४०.९३** | **१,४३,८८.३६** | **–१३.५३%** |
| कुल खर्चहरु | १,००,४७.१७ | १,०४,५८.३० | –३.९३% |
| **व्याज, ह्रास, व्यवस्था र आयकर अघिको मुनाफा** | **२३,९३.७६** | **३९,३०.०६** | **–३९.०९%** |
| न्यून: व्याज खर्च | ६.१५ | २.७२ | १२५.६९% |
| ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा | २३,८७.६२ | ३९,२७.३३ | –३९.२१% |
| न्यून: ह्रास | ७,९८.४१ | ७,८३.२० | १.९४% |
| न्यून: कर्मचारी आवास व्यवस्था | ७९.४६ | १,५७.२१ | –४९.४५% |
| न्यून: कर्मचारी बोनश व्यवस्था | १,३७.२५ | २,७१.५४ | –४९.४५% |
| **आयकर अघिको मुनाफा** | **१३,७२.५०** | **२७,१५.३९** | **–४९.४५%** |
| न्यून: आयकर व्यवस्था | ३,१३.३७ | ५,६७.७१ | –४४.८०% |
| थप: स्थगन कर सम्पत्ति (DEFERRED TAX ASSETS) | –६०.२८ | ५३.२३ | –२१३.२५% |
| **आयकर पछिको खुद मुनाफा (बाँड फाँड अघि)** | **९,९८.८४** | **२२,००.९१** | **–५४.६२%** |
| **यस वर्ष खुद जगेडामा सारेको (बाँड फाँड अघि)** | **९,९८.८४** | **२२,००.९१** | **–५४.६२%** |

## ५०औं स्वर्णजयन्ती वार्षिकोत्सव समारोह समिति

कम्पनीको ५०औं स्वर्णजयन्ती बार्षिकोत्सव मिति १० मंसिर २०७३ (२५ नोभेम्वर २०१६) मा मनाउनका लागि मानार्थ अध्यक्ष श्री प्रभाकर शमसेर ज.व.राणा को अध्यक्षतामा, कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, संचालक समितिका सदस्य, श्री राजेश काजी श्रेष्ठ र होटेलका महाप्रबन्धक, श्री उपल मजुमदार सदस्य रहनु भएको **५०औं स्वर्णजयन्ती वार्षिकोत्सव समारोह समिति** गठन भएको ब्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

## पुरस्कार

यस होटलले देहायका पुरस्कारहरु प्राप्त गरेको कुरा सगौरब उल्लेख गर्न पांउदा हामी अत्यन्त हर्षित तथा गौरन्वान्वित भएका छौं :

## ट्रिप एडभाइजर एक्सेलेन्स अवार्ड २०१६

होटेलमा पाल्नुहुने अतिथि पाहुनाहरुलाई उत्कृष्ट उत्पादन तथा सेवा प्रदान गरे वापत ट्रिप एडभाइजरमा अतिथिहरुबाट गरिने अत्यधिक प्रशंसा प्राप्त गरेको आधारमा होटेललाई प्रदान गरिने "**ट्रिप एडभाइजर एक्सेलेन्स अवार्ड २०१६**" पुरस्कारले होटेल अविछिन्न रुपमा विगत छ वर्ष देखी अर्थात सन् २०१० देखि निरन्तर विभुषित हुदै आएको छ ।

## विदेशी विनिमय आम्दानीमा सर्वाधिक योगदान गरे वापत सम्मानपत्र

आर्थिक बर्ष २०७२/२०७३ मा होटेल क्षेत्रमा विदेशी विनिमय आयमा दिएको सर्वाधिक योगदानको मूल्यांकन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले होटेललाई सम्मानपत्रले पुरस्कृत गरेको छ ।

## १२औं हस्पिटालिटि इन्डिया एण्ड एक्स्प्लोर द वर्ल्ड एनुअल इन्टरनेशनल ट्राभल अवार्ड

हस्पिटालिटि इण्डिया एण्ड एक्प्लोर वर्ल्डबाट **"मोस्ट प्रिफर्ड डेस्टिनेशन फर बिजिनेस मिटिङ एण्ड सेलिव्रेसन"** अर्थात व्यवसायिक बैठक, आराम तथा उत्सवका लागि अत्याधिक रुचाइएको गन्तव्यका लागि १२औं हस्पिटालिटि इण्डिया एण्ड एक्सप्लोर द वर्ल्ड एनुअल इन्टरनेशनल ट्राभल अवार्ड २०१६ बाट होटेल पुरस्कृत भएको छ ।

## अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय परिदृश्यहरु तथा तिनको व्यवसायमा पर्ने प्रभाव

सन् २०१५ मा विश्व आर्थिक गतिविधिमा मन्दी आयो । उदियमान बजार तथा विश्व आर्थिक बृद्धिको ७० प्रतिशत हिस्सा ओगट्ने विकासशील अर्थव्यवस्था भएका देशहरुमा आर्थिक बृद्धि पाँचौ बर्ष पनि निरन्तर घटि रहेको छ, जबकि विकसित अर्थव्यवस्था भएका देशहरुमा दीगो तवरले पुनर्स्थापित भइरहेको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले सार्वजनिक गरेको जनवरी २०१६ को विश्व आर्थिक परिदृश्य (वर्ल्ड इकोनोमिक आउटलुक) को अनुसार विश्व आर्थिक बृद्धि सन् २०१६ मा ३.४% र सन् २०१७ मा ३.६% हुने अनुमान गरेको छ । एशियाको सबै भन्दा ठूलो अर्थतन्त्र भएको चीनको बृद्धि दर सन् २०१६ मा ६.३ प्रतिशत र सन् २०१७ मा ६.० प्रतिशत हुने गरी घट्ने अनुमान छ । यसले मुख्यत: अर्थव्यवस्था पुनसन्तुलित हुने गरी लगानी बृद्धिमा कमी आएको देखाउंछ । भारत र बाँकी विकासोन्मुख एशियामा (भारत वाहेक)

सुदृढ गतिमा निरन्तर बृद्धि हुने अपेक्षा गरिएको छ जबकि चीनको अर्थव्यवस्था पुर्नसन्तुलन र विश्व उत्पादकत्वको कमीका कारण केही राष्ट्रहरुलाई प्रतिकुल असर पर्न सक्नेछ । भारतबाट चालिएको भारतीय रुपैयां पांच सय र हजार दरका कागजी मुद्राहरुको अमौद्रिकीकरणले त्यहांको कुल ग्राहस्थ उत्पादन र अवशिष्ट आम्दानीमा नकारात्मक असर पर्न सक्ने देखिएको छ, जसबाट समग्रमा पर्यटन उद्योग प्रभावित हुनुका साथै विषेशतः नेपालको पर्यटनलाई समेत प्रभाव पर्ने देखिन्छ ।

दक्षिण एशियाली राष्ट्रहरुमा नेपाल र माल्दिभ्स बाहेकका राष्ट्रहरुको आर्थिक बृद्धि दर यस अघिका बर्षहरुको तुलनामा सन् २०१५ मा सकारात्मक रुपमा बढ्यो । यसैगरी, अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाल बाहेक सबै राष्ट्रहरुको आर्थिक बृद्धि दर सन् २०१६ मा बृद्धि हुने अनुमान गरेको छ ।

संयुक्त राष्ट्र संघीय विश्व पर्यटन संगठन (युएनडब्लुटिओ) को बार्षिक प्रतिवेदन अनुसार सन् २०१५ मा कुल १ अर्ब १८ करोड ४० लाख पर्यटकहरुले यात्रा गरे जुन विश्वभर अन्तर्राष्ट्रिय पर्यटन आगमनको सन्दर्भमा लगातार ६ बर्षको औसत बृद्धि भन्दा अधिक हो ।  यसले बर्षभरी अन्तर्राष्ट्रिय गन्तव्यको रुपमा यात्रा गर्ने ४% प्रतिशतले बृद्धि भएको वा ५ करोड पर्यटकले बृद्धि भएको देखाउँछ । प्रतिवेदन अनुसार यस बृद्धिमा युरोप, अमेरिका र एशिया तथा प्रशान्त क्षेत्रको अधिक भूमिका रहेको थियो । यी सबैबाट बर्षभरी ५% ले यो बृद्धि भयो । सन् २०१६ को सम्भाव्यता सामान्य रहेको छ, जस अनुसार अन्तर्राष्ट्रिय पर्यटकको आगमन विश्वभर ४% ले बृद्धि हुने अनुमान गरिएको छ ।

विकसित अर्थ व्यवस्था भएको क्षेत्रको गन्तव्यमा बृद्धि ५% थियो र विकाशसिल अर्थ व्यवस्था भएको क्षेत्रमा ४% थियो । क्षेत्रगत रुपमा युरोप, अमेरिका, एशिया तथा प्रशान्त क्षेत्रहरुमा सन् २०१५ मा करिब ५% बृद्धि भएको थियो । मध्य पूर्वमा पर्यटक आगमन ३% ले बृद्धि भयो भने उत्तर अफ्रिकामा आगमन संख्या थोरै भएको कारण अफ्रिकामा ३% ले कमी रहेको अनुमान छ । उत्तर अफ्रिकाले त्यस क्षेत्रमा पर्यटक आगमनको एक तिहाइ भन्दा बढि हिस्सा ओगटेको छ । एशिया तथा प्रशान्त क्षेत्रमा ५% को बृद्धि दर सहित १ करोड ४० लाख थप अन्तर्राष्ट्रिय पर्यटकहरुको आगमन बृद्धि भई गन्तव्यको रुपमा आश्चर्यजनक परिणाम सहित २७ करोड ८० लाख आगमन संख्या रह्यो । आशियानिक मुलुकहरुले ७% र दक्षिण पूर्वी एशिया क्षेत्रले ६% बृद्धि गरे भने दक्षिण एशिया र उत्तर पूर्वी एशियाले ४% ले बृद्धि हासिल गरेका छन् ।

नेपालमा, अर्थ मन्त्रालयको अर्थिक सर्वेक्षण (२०७२/२०७३) अनुसार आर्थिक बर्ष २०७२/२०७३ मा नेपालको कुल ग्राहस्थ उत्पादन अघिल्लो बर्ष २.३२ प्रतिशत रहेकोमा यस बर्ष ०.७७ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको  छ । विनाशकारी महाभूकम्प, सिमानामा भएको नाकाबन्दी अवरोध जस्ता कारणले अत्यावश्यक वस्तुको आपूर्तिमा असहज स्थिति उत्पन्न भई गत बर्षको तुलनामा समीक्षा आर्थिक बर्षमा कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा बृद्धि दर न्यून हुन गएको मान्न सकिन्छ । विश्व अर्थव्यवस्थाको प्रत्यक्ष प्रभाव नेपाली अर्थव्यवस्थामा कमै रहेतापनि आर्थिक बर्ष २०७२/२०७३ मा अल्पबृद्धि भएको अनुमान गरिएको छ । आर्थिक सर्वेक्षण अनुसार आर्थिक बर्ष २०७२/२०७३ को पहिलो ६ महिनामा आर्थिक गतिविधि निष्क्रिय रहेतापनि पछिल्ला महिनाहरुमा सकारात्मक दिशातर्फ उन्मुख रहेको थियो ।

सन् २०१५ वर्ष ७.८ म्याग्नीच्युडको विनाशकारी महाभूकम्प र त्यसपछिका ठूला पराकम्पनहरुले ल्याएको विनाशको कारण राष्ट्रका लागि ज्यादै कठिन वर्षको रुपमा रह्यो । त्यसमा पनि महाभूकम्प पश्चातको पाँच महिनामा राष्ट्रले राजनीतिक आन्दोलन र

सिमानामा भएको अवरोधका कारण अर्को समस्या भोग्नु पर्‍यो । यसको फलस्वरुप हाम्रो अर्थव्यवस्थाको निर्भरता र उन्नतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पर्यटन क्षेत्र नराम्ररी प्रभावित भयो ।

सन् २०१५ मा नेपालमा पर्यटकको आगमन छ वर्षकै न्यून ५,३८,९८० संख्यामा झर्‍यो । गत वर्ष सन् २०१४ को तुलनामा नेपालमा पर्यटकहरुको आगमन संख्या २,५१,१४८ जनाले कम भयो, जुन ३१.७८ प्रतिशतले कम हो । विनाशकारी महाभूकम्पको प्रभावले नेपालको पर्यटन उद्योग धराशायी वन्न पुग्यो । २०१५ को चार महिना (मे-अगष्त) को अवधिमा ५५.५९ प्रतिशतले घटी भई ९७,५१० जना मात्र पर्यटकहरुको आगमन भयो ।

सन् २०१६ को पहिलो ६ महिनाको अवधिमा पर्यटकहरुको आगमन १२.७७ प्रतिशतले बृद्धि भयो । यसले गत बर्षको विपद्को श्रृंखलाबाट प्रभावित भए पश्चात् सामान्य अवस्थातर्फ आउने सकारात्मक संकेत दिएको छ । अध्यागमन विभागका अनुसार नेपालले गत बर्षको पहिलो अर्द्धबार्षिक अवधिमा २,७७,९९२ संख्याको तुलनामा यस बर्षको सोही अवधिमा ३,१३,५१२ जना पर्यटकहरु नेपाल आएका छन् । सबै भन्दा वढी पर्यटक आउने समय (पिक सिजन) (सेप्टेम्बर देखि नोभेम्बर २०१६ सम्मको अवधि) मा पर्यटकको आगमनमा महत्वपूर्ण बढोत्तरी हुने अपेक्षा गरिएको छ । पर्यटनका लागि उद्योग पूरानै अवस्थामा फर्काउन पूर्वाधार विकास र अझ गुणस्तरीय सेवामा केन्द्रित भई सबै सम्बद्ध सरोकारवालाहरुले प्रबर्द्धनका ठोस कार्यक्रमहरुको आयोजना गर्नुपर्ने देखिन्छ ।

समीक्षा आर्थिक बर्षको अवधिमा होटेलको समग्र उपलब्धि वा नतिजा सन्तोषजनक नै देखिएको छ । गत आर्थिक बर्षको तुलनामा यस बर्षको रुम अकुपेन्सी ६५.२०% बाट घटेर ४५.९९% मा झरेकोले कर भुक्तानी पश्चातको खुद नाफामा ५४.६२% ले कमी आएको छ । होटेलले अघिल्लो बर्षको रु. १,४३,८८.३६ लाखको तुलनामा समग्र १३.५३% ले कमी भई यस बर्ष रु. १,२४,४०.९३ लाख रकम आय गरेको छ । होटेलमा बास बस्ने पाहुनाको संख्या गत बर्षमा ६५,७८१ रहेको तुलनामा समीक्षा आर्थिक बर्ष २०७२/२०७३ मा सो संख्या जम्मा ४७,३४१ रहेको छ । औसत दैनिक दर (एडिआर) आर्थिक बर्ष २०७१/२०७२ को रु.७,९७७ बाट यस आर्थिक बर्ष २०७२/२०७३ मा रु. ७,६३६ रही ४.२७% ले समेत कमी भएको हुनाले कोठाको आम्दानी रकम अघिल्लो बर्षको रु. ५२,४७.१९ लाखको तुलनामा समीक्षा वर्षमा जम्मा रु. ३६,१५.१९ लाख रह्यो । स्वाभाविक रुपमा आम्दानी प्रति उपलब्ध कोठा (रेभपार) दर रु. ५,२०१ बाट रु. ३,५१२ मा झर्‍यो । खाद्य तथा पेय पदार्थको क्षेत्रमा भएको आय पनि रु. ८१,४६.३० लाखबाट रु. ७५,८८.०४ लाखमा घट्यो, जुन ६.८५% को कमी हो ।

## प्रतिवेदनको मितिमा चालू आर्थिक वर्षको कार्यसम्पादन स्थिति र भविष्यको परिदृष्य

चालु आर्थिक बर्ष २०७३/२०७४ को अवधिमा होटेलको कार्यसम्पादनमा सुधार देखिएको छ । साढे तीन महिना (१६ जुलाई देखि ३१ अक्टोबरको २०१६) को अवधिमा जम्मा आम्दानी गत आर्थिक बर्ष २०७२/२०७३ को सोही अवधिको रु.३०,३६.२० लाखको तुलनामा रु. ३९,६०.४० लाख रहेको छ । अक्टोबर २०१६ सम्ममा कोठा अकुपेन्सी दर ५२.०३ % रहेको छ जबकि गत बर्षको सोही अवधिमा ४२.३०% रहेको थियो । औसत कोठाको दर (एआरआर) र आम्दानी रकम प्रति उपलब्ध कोठा (रेभपार) क्रमश: रु.८,११६ र रु.४,२२३ रहेको छ जबकि गत बर्षको सोही अवधिमा क्रमश: रु. ७,४६५ र रु. ३,१५८ रहेको थियो ।

विश्व पर्यटन संगठन (युएनडब्लुटिओ) को कन्फिडेन्स इन्डेक्स सन् २०१६ मा ज्यादै सकारात्मक छ तथापि गत दुई बर्षहरुको तुलनामा केही कमी रहेको छ । वर्तमान प्रवृत्ति र परिदृश्यका आधारमा विश्व पर्यटन संगठन (युएनडब्लुटिओ) ले सन् २०१६ मा अन्तर्राष्ट्रिय पर्यटक आगमन विश्वभर ४% ले बृद्धि हुने अनुमान गरेको छ । क्षेत्रगत रुपमा, एशियामा ४% बृद्धि र प्रशान्त क्षेत्रमा ५% को बढोत्तरी हुने अनुमान गरिएको छ । अन्य क्षेत्रहरुमा अमेरिका (+४% बाट +५%) लाई पछ्याउँदै युरोप (+३.५% बाट

+४.५%) मा बढोत्तरी हुने अनुमान छ। प्रक्षेपण अनुसार अफ्रिकामा (+२% बाट +५%) र मध्य पूर्वमा (+२% बाट +५%) सकारात्मक बढोतरी हुनेछ तथापि अनिश्चितता र अस्थिरताको उच्च जोखिम भने रहेको छ।

विश्व यात्रा तथा पर्यटन परिषद्को (डब्लुटिटिसि) अनुसार विश्वको कुल ग्राहस्थ उत्पादनमा यात्रा तथा पर्यटनको प्रत्यक्ष योगदान सन् २०१५ मा अमेरिकी डलर २२ खर्व २९ अर्व ८० करोड (कुल ग्राहस्थ उत्पादनको ३%) थियो। सो योगदान सन् २०१६ मा ३.३% मा पुग्ने छ तथा २०१६-२०२६ सम्म सो योगदानको रकममा प्रति बर्ष ४.२% ले बृद्धि हुने अनुमान छ। यस अनुसार सन् २०२६ मा अमेरिकी डलर ३४ खर्व ६९ अर्व १० करोड (कुल ग्राहस्थ उत्पादनको ३.४%) हुने अनुमान छ। सन् २०१५ मा यात्रा तथा पर्यटनले प्रत्यक्ष रुपमा १० करोड ७८ लाख ३३ हजार ब्यक्तिलाई (कुल रोजगारीको ३.६%) रोजगारी प्रदान गर्न सहयोग गरेको छ । सन् २०१६ मा यसको योगदान १.९% ले बृद्धि हुने र प्रति बर्ष २.१% ले बढोत्तरी भई सन् २०२६ सम्म १३ करोड ५८ लाख ८४ हजार ब्यक्तिलाई रोजगारी उपलब्ध (जम्मा रोजगारीको ४.०%) हुने अनुमान गरिएको छ।

नेपालको सन्दर्भमा, यात्रा तथा पर्यटनले नेपालको कुल ग्राहस्थ उत्पादनमा दिएको प्रत्यक्ष योगदान गत बर्ष रु. ८५ अर्व ३० करोड वा कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत भएकोमा **डब्लुटिटिसिको ट्राभल एण्ड टुरिजम इकोनोमिक इम्प्याक्ट २०१६** ले यस बर्ष सो मा ७ प्रतिशतले बृद्धि भई रु. ९१ अर्व ३० करोड हुने प्रक्षेपण गरेको छ। उक्त प्रतिवेदन अनुसार यात्रा तथा पर्यटनबाट कुल ग्राहस्थ उत्पादनमा प्रत्यक्ष योगदान बार्षिक रुपमा ५ प्रतिशतले बृद्धि भई सन् २०२६ मा रु. १ खर्व ४९ अर्व ४० करोड वा कुल ग्राहस्थ उत्पादनको ४.७ प्रतिशत हुने अनुमान छ। नेपालमा यात्रा तथा पर्यटनको क्षेत्रले गत बर्ष प्रत्यक्ष रुपमा जम्मा ४ लाख २६ हजार ५ सय रोजगारी सिर्जना गर्‍यो, जुन कुल रोजगारीको ३.२ प्रतिशत हो। उक्त तथ्यांकमा ६ प्रतिशतले बृद्धि भई यस बर्ष ४ लाख ५२ हजार हुने अनुमान गरिएको छ। सन् २०२६ सम्ममा यात्रा तथा पर्यटनले प्रत्यक्ष रुपमा ६ लाख ५४ हजार रोजगारी सिर्जना गर्ने अनुमान छ र यसवाट आगामी १० बर्षको अवधिमा बार्षिक ३.८ प्रतिशतले बृद्धि हासिल हुनेछ।

मुलुकको सम्बृद्धि र विकासको लागि पर्यटन एक प्रमुख आर्थिक कृयाकलाप हो। पर्यटन मन्त्रालयले हालै नयाँ राष्ट्रिय पर्यटन रणनीति, २०१६-२०२५ लागू गरेको छ। यस रणनीतिले पर्यटकको आगमन सन् २०२५ सम्ममा पाँच गुणाले बृद्धि भई २५ लाख २० हजार हुने लक्ष्य लिईएको छ।

अप्रिल २५, २०१५ को महाभूकम्पले क्षति गरेका युनेस्कोको विश्व सम्पदा सूचीमा रहेका काठमाडौंका पर्यटकीय क्षेत्र तथा अन्य लोकप्रीय पर्यटन आकर्षणहरुको ऐतिहासिक र सांस्कृतिक महत्वलाई जोगाइ राख्न नेपाल सरकारले यी सम्पदाहरुमा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई आकर्षित गर्नका लागि सकारात्मक सन्देश प्रवाह गर्ने प्रवर्द्धनात्मक कृयाकलापको माध्यमवाट पुनर्निर्माणको शुरुवात गरिसकेको छ।

नेपाल सरकारले भैरहवाको गौतमबुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गर्न आवश्यक काम प्रारम्भ गरिसकेको छ। यो विमानस्थलको निर्माण कार्य जुन २०१७ सम्ममा सम्पन्न गरिसक्ने योजना रहेको छ साथै, पोखरामा अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि शिलान्यास भई सकेको छ र यो परियोजना जुलाई २०२० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुदृढीकरण गर्ने कार्य समेतको थालनी भएको छ जसमा थप सुविधा सहित आधुनिकीकरण गर्न र सुविधा सम्पन्न उपकरण थप गर्ने उद्देश्यका साथ अत्याधुनिक उपकरणहरुको जडान भइरहेको छ।

## उत्पादन एवं सेवाहरुको स्तरोन्नति

कम्पनीले आफ्ना उत्पादन तथा सेवाको स्तर अभिवृद्धि गरी सुधार गर्ने रणनीतिलाई निरन्तरता दिएको छ। आर्थिक बर्ष २०७२/७३ (२०१५/२०१६) को अवधिमा हिमालयन विङ भवनको एक तल्लालाई स्तरोन्नति गर्ने कार्य सकेको छ, जसमा ३६ विशिष्ट (क्लव

रुम) कोठाहरु रहेका छन् । कम्पनीले उक्त हिमालयन विङ भवनको बाँकी तीन तल्लाहरुलाई होटेलको स्वर्ण जन्मोत्सवको बर्ष झल्किने गरी धरोहर सम्पदाको शैलीमा स्तरोन्नति सजावट गर्ने कार्य शुरु गर्ने योजना रहेको छ ।

कम्पनीले स्तरोन्नति योजना अर्न्तगत मेघा मल्हार सम्मेलन हलको चलायमान पार्टिसनलाई हालै परिवर्तन गरी पुनर्निर्माण गरेको छ र मेघा मल्हार सम्मेलन हलमा सबै लेड (एलइडि) लाइट राख्नका लागि सोको परीक्षण समेत गरि सकिएको छ ।

कम्पनीले छुट्टै रहेको क्यासिनो भवनका लागि हालै नयाँ ढल निकास लाइन निर्माण गरी ढल प्रशोधन तथा शुद्धिकरण प्लान्टवाट फोहोर मैलाको ब्यवस्थापन गर्ने प्रबन्ध मिलाएको छ । कम्पनीले अतिथिहरुबाट प्राप्त बहुमूल्य सुझावहरुको पृष्ठपोषणका लागि हालै निर्माण गरिएको रोज गार्डनको प्यागोडा ट्रसको भित्रि छतको उचाई कम गर्दै फल्स सिलिंग निर्माण गर्ने कार्य शुरु गर्नेछ । अतिथिहरुलाई थप सुविधा दिन कम्पनीले ढल शुद्धिकरण प्लान्ट क्षेत्र नजिक थप पार्किङ क्षेत्र समेत निर्माण गरिरहेको छ ।

होटेलका अतिथिहरु तथा कर्मचारी कामदारहरुको जीवन सुरक्षालाई ध्यानमा राख्दै कम्पनीले प्रिन्सिप विङ भवनका सबै तल्लाहरुको करीडोरलाई अग्नि सुरक्षित ढोका सहित वर्गीकरण गरी छुट्याउने कार्य शुरु गरेको छ ।

## पूँजिनिवेश विविधिकरण

कम्पनिले काठमाण्डौं उपत्यका बाहिर कम्पनीको ट्रेडमार्क तथा ब्राण्ड अर्न्तगत स्तरिय होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय गरे अनुसार कम्पनिको पूर्णतः स्वामित्व रहेको कम्पनी ऐन, २०६३ अर्न्तगत संस्थापित **सोल्टी हस्पिटालिटि लिमिटेड** नामको पूर्णतः स्वाधिकृत सहायक कम्पनी संस्थापना गरी उक्त कम्पनीको शेयर पूँजिमा रुपैंयाँ ६ करोड ४० लाख लगानी गरी सकेको छ । सोही अनुरुप, कम्पनिले सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेड मार्फत माथि उल्लिखित रकमलाई अन्य स्वदेशी व्यवसायिक संस्थापक लगानीकर्ताहरुसंगको सहकार्यमा एउटा नेपाली संयुक्त लगानी भएको कम्पनी **सोल्टी शिवक्रिम होटेल्स् तथा रिसोर्टस् प्रा. लि.** संस्थापना गरी नेपालगंज र पोखरामा होटल निर्माण तथा संचालन गर्नका लागि लगानी गरेको हो । नेपालगञ्जमा होटेल र्निमाणको कार्यप्रगति भई रहेको छ तथा उक्त होटेल मे २०१७ मा संचालनमा आउने लक्ष्य रहेको छ ।

## हिमाल इन्टरनेशनल पावर कर्प प्रा. लि. बाट प्राप्त हुने लाभांश

कम्पनीले हिमाल इन्टरनेसनल पावर कर्प (प्रा.) लि. मार्फत भोटेकोशी पावर कम्पनी (प्रा.) लि. मा लगानी गरेको छ । प्रत्येक बर्ष कम्पनीमा हिमाल इन्टरनेसनल पावर कर्प (प्रा.) लि. मार्फत भोटेकोशी पावर कम्पनीबाट लाभांश आउने गर्दछ । दुर्भाग्यवश, अप्रिल २५, २०१५ को विनासकारी महाभूकम्प र त्यसपछि अप्रिल २६, २०१५ को ठूलो पराकम्पनका कारण भोटेकोशी पावर कम्पनीको पावर प्लान्ट व्यापक रुपमा क्षतिग्रस्त भई विद्युत उत्पादन हुन सकेन । पावर प्लान्ट पुर्नस्थापनाको कार्य तिव्र गतिमा भैरहेकोमा जुलाई ५, २०१६ मा भोटेकोशीमा आएको ज्यादै ठूलो बाढीले आयोजनाको मुख्य कार्य (ड्याम) संरचना नष्ट गर्‍यो । यसवाट प्लान्टको निर्माण अवधि अझ लम्विन गयो । अप्रत्याशित घटना (फोर्स मेज्युर) को निरन्तरताले भोटेकोशी पावर कम्पनीको आम्दानी/ मुनाफालाई नराम्ररी धक्का दिएको छ, जसबाट उक्त कम्पनीका शेयरधनीहरुलाई वितरण गरिने लाभांशमा असर पर्न जाने बताइएको छ । भोटेकोशी पावर कम्पनीको पावर प्लान्ट सञ्चालनमा नआएसम्म आगामी आर्थिक बर्षहरुमा शेयरधनीहरुलाई मुनाफा वितरण गर्न नसकिने संभावना उक्त कम्पनीले जनाएको छ । सो पावर प्लान्ट सञ्चालनमा ल्याउन कम्तिमा अर्को तीन बर्ष लाग्ने अनुमान समेत गरिएको छ ।

## कम्पनीको औद्योगिक तथा व्यापारिक वा व्यावसायिक सम्बन्ध

सञ्चालक समिति समीक्षा आर्थिक वर्षको अवधिमा कम्पनीको कर्मचारीहरुसंगको सम्बन्ध ज्यादै सुमधुर सौहार्दपूर्ण र उत्कृष्ट रहेको सहर्ष जानकारी गराउंदछ । होटेल व्यवस्थापन र कर्मचारीहरु दुबैबाट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सामुहिकरुपमा होटेलका

अतिथि पाहुनाहरुलाई उपलब्ध साधन श्रोतको प्रयोग गर्दै सर्वोत्कृष्ट सेवा प्रदान गर्ने तथा होटेललाई भेटघाट गर्नको लागि सर्वोत्तम ठाँउ बनाउने साझा लक्ष्य प्राप्त गर्ने कार्यका लागि एकजुट भई परस्पर सहकार्य गरी लक्ष्य अनुरुप कार्यसम्पादन भयो ।

संचालक समिति सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको व्यावसायीक कार्यकुशलता प्रतिको प्रतिवद्धता, समझदारी र व्यवस्थापन टोलीसंगको गहकिलो सहकार्य एवं समर्थनको सराहना सम्मान, प्रशंसा र कदर गर्दै वहांहरुले यस कम्पनीको प्रगति र उन्नतीमा निरन्तर थप दृढता, कार्यदक्षता, सक्रिय सहयोग, र समर्थन प्रस्तुत गर्दै कम्पनीलाई थप उंचाईमा पुऱ्याउन कुनै पनि कसर बांकी राख्नु हुने छैन भन्ने कुरामा ढुक्क र विश्वस्त रहेको छ ।

सोल्टी होटेलको आफ्ना अतिथि पाहुनाहरु, सामान आपूर्तिकर्ताहरु, सेवाप्रदायकहरु, बैंक तथा वित्तीय संस्थाहरु, यात्रा एजेन्सीहरु, निर्माण ठेकेदारहरु र परामर्शदाताहरु, ट्राभल एजेन्सी र एयरलाईन्सहरु, सरकारी निकायका अधिकारीहरु र नियमक निकायहरुसंग कम्पनीको अत्यन्त राम्रो व्यावसायिक सौहार्दपूर्ण सम्बन्ध रहेको छ ।

कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल वाणिज्य संघ, हाटेल एसोसिएशन नेपाल, नेपाल भारत उद्योग वाणिज्य संघ, नेपाल चीन उद्योग वाणिज्य संघ, नेपाल ब्रिटेन उद्योग वाणिज्य संघ, र नेपाल इन्स्टिच्यूट अफ कम्पनी सेक्रेटरीज् को सदस्य रहेको छ ।

## संचालक समितिमा हेरफेर र त्यसको कारण

संचालक समिति अत्यन्त दुखी मनले जानकारी गराउन चाहन्छ कि गत २०७३ साल अषाढ १ गते कम्पनीका संचालक समितिका सदस्य श्री डा. प्रभा बस्नेतज्यू को असामयीक एवं दुखद निधन भयो । श्री डा. प्रभा बस्नेतज्यूको दुखद निधनबाट संचालक समिति मर्माहत हुनुका साथै वहां प्रति भावपूर्ण श्रद्धांजली अर्पण गर्दै वहांका शोकसंतप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछ । साथै, स्वर्गीय संचालक श्री डा. बस्नेतज्यूको कार्यकालमा वहांबाट यस कम्पनीलाई प्राप्त भएको बहुमुल्य योगदान तथा सहयोगको कदर गर्दै सोको अभिलेख गर्दछ ।

चालु आर्थिक वर्षमा, कम्पनीका संस्थागत शेयरधनी, श्री सोल्टी इन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नका लागि श्री डा. प्रभा बस्नेतको ठाउँमा **श्री जया राज्य लक्ष्मी शाहज्यू**लाई बाँकी अवधिको लागि कम्पनीको सञ्चालक मनोनित गरी पठाए बमोजिम २ सेप्टेम्बर २०१६ देखी लागु हुने गरी नियुक्त हुनु भयो । संचालक समिति कम्पनीको सञ्चालक समितिमा मनोनित भई नियुक्त हुनु भएका सञ्चालक **श्री जया राज्य लक्ष्मी शाह**ज्यूलाई स्वागत गर्दछ ।

### संचालक समितिका बैठकहरु

कम्पनीको सञ्चालक समितिका बैंठकहरु नेपालको कम्पनी ऐन, २०६३ बमोजिम सञ्चालित गरिन्छ । कम्पनीको सञ्चालक समितिको होटेलको कार्यसम्पादन सम्बन्धी बैंठकहरुमा सोल्टी क्राउन प्लाजा काठमाण्डौका महाप्रबन्धक स्थायी आमन्त्रितका रुपमा रहेका छन । समिक्षा आर्थिक वर्ष २०७२/७३ (२०१५/१६) अवधिमा कम्पनीको सञ्चालक समितिका ६ वटा बैंठक बस्यो । कम्पनीको सञ्चालक समितिका सदस्यहरुलाई बैठक भत्ता वापत जम्मा रु. ६,७०,५८६/– भुक्तानी गरियो ।

## व्यावस्थापकीय समुहमा हेरफेर

समिक्षा आर्थिक वर्षको अवधिमा होटेल संचालकले महाप्रबन्धक, श्री नलिन मन्दिरत्ताको सट्टामा १९ जुलाई २०१५ देखी लागु हुने गरी श्री उपल मजुमदारलाई नियुक्त गऱ्यो । श्री उपल मजुमदार संग आतिथ्यसत्कार उद्योगमा महत्वपूर्ण विशिष्ठता सहित होटेल संचालन तथा बजार व्यावस्थापन सम्बन्धी विषयमा २७ वर्ष भन्दा बढीको कार्य सम्पादन गरेको लामो अनुभव छ । संचालक समिति तथा कम्पनीका शेयरधनीहरुको तर्फबाट श्री उपल मजुमदारलाई व्यावस्थापन समुहमा स्वागत गर्दछ तथा श्री नलिन मन्दिरत्ताले निजको कार्यकालमा कम्पनीमा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानका लागि कदर, सराहना तथा प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्दछ ।

## कम्पनीको कारोबारमा असर पारेका मुख्य तत्व

सन् २०१५ मा विश्व आर्थिक बृद्धि दर मुख्य राष्ट्रहरु तथा क्षेत्रभर बिषम परिस्थिति सहित मध्यम रह्यो । विश्व आर्थिक बृद्धि सन् २०१६ मा ३.४ प्रतिशत र सन् २०१७ मा ३.६ प्रतिशत हुने अनुमान गरिएको छ । उन्नत अर्थव्यवस्थाको बृद्धिमा सन् २०१६ मा ०.२ प्रतिशतले बृद्धि भई २.१ प्रतिशत पुग्ने तथा सन् २०१७ मा स्थिर रहने अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय मौद्रिक कोषबाट २०१६ अक्टोबर महिनामा प्रकाशित भएको **आइएमएफ वर्ल्ड इकोनोमिक आउटलुक** ले यस आर्थिक बर्षमा नेपालको आर्थिक बृद्धि दर ४ प्रतिशत हुने अनुमान गरेको छ ।

**युएनडब्लुटिओको** पछिल्लो विश्व पर्यटन ब्यारोमिटर बमोजिम गत बर्षको सोही अवधिको तुलनामा सन् २०१६ को जनवरी देखि जुनको बिच सम्ममा विश्वभर अन्तर्राष्ट्रिय पर्यटकको संख्या चार प्रतिशतले बृद्धि भयो । विश्वभर पर्यटन गन्तव्यहरुमा ५६ करोड १० लाख अन्तर्राष्ट्रिय पर्यटकहरु आए जुन २०१५ मा भन्दा २ करोड १० लाखले अधिक हो । उक्त **प्रकाशन अनुसार** सन् २०१६ को बाँकी महिनामा पर्यटकहरुको आगमन अफ्रिका, अमेरिका र एशिया तथा प्रसान्त क्षेत्रमा उच्च हुने अनुमान छ ।

नेपालले तिव्र रुपमा बृद्धि भइरहेको आर्थिक क्षेत्रमा पुग्ने अवसर प्रयोग गर्न र विगतका प्राकृतिक विपद्को अवस्थामा सुधार ल्याउन आवश्यक छ । राजनीतिक अस्थिरता, निरन्तर बन्द, हडताल तथा इन्धन संकटले पर्यटन क्षेत्रलाई गत बर्ष नराम्ररी प्रभावित पार्‍यो । सन् २०१६ को पहिलो ६ महिनामा पर्यटकहरुको आगमनमा बृद्धि भएतापनि सन् २०१४ र त्यस अघिका बर्षको तुलनमा अझै पनि न्यून छ । सन् २०१४ को तहमा पुग्ने गरी पर्यटनका लागि अनुकुल मौसममा पर्यटकको संख्या बृद्धि गर्नका लागि शान्ति र सुरक्षाको अवस्था महत्वपूर्ण हुन्छ । साथै, नेपाल सुरक्षित पर्यटन गन्तव्यको रुपमा रहेको भनी चिनाउनको लागि उपयुक्त प्रचार प्रसार गर्नु पर्छ । चिनीयाँ र भारतीय पर्यटकहरुलाई प्रबर्द्धनात्मक गतिविधि तथा थप हवाई सम्पर्कबाट भूकम्प पछिका समयमा सहजै आकर्षण गर्न सकिनेछ । सरकारले चिनीयाँ पर्यटकहरुलाई आकर्षित गर्ने उद्देश्यले चिनियाँ नागरिकका लागि भिसा शुल्क छुट दिएको कुरा स्वागत योग्य छ । नेपाल वायु सेवा निगमले समेत थप भारतीय पर्यटकलाई ल्याउन बैंगलुरु तथा मुम्बईमा सिधा हवाई सेवा उपलब्ध गराउन थालेको छ । सम्बन्धित सरोकारवालाहरुबाट गरिएका यी सबै प्रयासहरुले गत बर्षको महाभूकम्प र त्यसपछिको सीमानाका अवरोधबाट कठिन अवस्थामा पुगेको पर्यटन उद्योगलाई अविलम्ब पुनर्स्थापित गर्न निश्चितरुपमा सहयोग गर्नेछन् ।

## लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सोउपर संचालक समितिको प्रतिक्रिया

लेखापरीक्षकको प्रतिवेदनले समिक्षा आर्थिक वर्षमा कम्पनीको कार्यसंचालन, लाभदायिकता, तथा आर्थिक अवस्था संतोषजनक रहेको दर्शाएकोछ । संचालक समितिले कम्पनीको संचालन गतिविधिहरुको कार्यकुशलताको अरुबढी सुधार गर्नका लागि लेखापरीक्षकबाट प्राप्त सुझाव, सल्लाह र सिफारिसहरुको पूर्ण अनुपालना गर्न व्यवस्थापनलाई निर्देशन दिएको छ ।

## लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

कम्पनीको संचालक समितिले शेयरधनी महानुभावहरुलाई कम्पनीको **लिन मन्जुर तथा चुक्ता शेयर पूंजीको ११.०५२६३१५८ प्रतिशत** ले हुने कुलयोग **रु. ५,८१,९४,९८६ नगद लाभांश** र लिन **मन्जुर तथा चुक्ता शेयर पूंजीको १० प्रतिशत बोनश शेयर** सिफारिश गरेको छ ।

## सहायक कम्पनी

यस कम्पनीको सहायक कम्पनी श्री **एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेड**, तथा श्री **सोल्टी हस्पिटालिटि लिमिटेड**ले आफ्ना व्यावसायिक गतिविधिहरु सञ्चालन गरि नसकेको प्रतिवेदन दिएका छन् ।

दुबै सहायक कम्पनीको लेखापरीक्षण गरिएको २०७३ आषाढ ३१ गते तद्नुसार १५ जुलाई २०१६ मा समाप्त भएको आर्थिक वर्षको संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, २०७३ आषाढ ३१ (१५ जुलाई २०१६) को आय विवरण, र सोही मितिको नगद प्रवाह विवरणहरु समावेश रहेको आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा १४३ तथा अन्य  लागु हुने व्यवस्था भए सोही बमोजिमको अनुपालनाको प्रयोजनार्थ यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा संलग्न गरेका छौं ।

## वैधानिक लेखापरीक्षकको नियुक्ति

कम्पनीका वैधानिक लेखापरीक्षक **श्री जोशी एण्ड भण्डारी**, चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंले ४२औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् उहांहरुको कार्यकाल समाप्त हुंदैछ र कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम निजहरु पुनः नियुक्त हुन सक्नु हुनेछ । शेयरधनी महानुभावहरुको सभाले, कम्पनीको संचालक समितिको लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) का लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्ती र निजहरुको पारिश्रमिक निर्धारण गर्नुपर्नेछ ।

## यस वर्षका संचालक समितिका अन्य उप समितिहरु

### मोहियानी जग्गा दर्ता समिति

**(TENANT LAND REGISTRATION COMMITTEE)**

कम्पनीको मोहियानी जग्गा दर्ता समितिको आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को अवधिमा जम्मा एक पटक बैठक बस्यो । कम्पनीले समितिका गैर कार्यकारी संचालक सदस्यहरुलाई कुल रु. १७,६४७/- बैठक भत्ता वापत भुक्तानी गऱ्यो ।

## अतिरिक्त जानकारीहरु

**कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम उल्लेख गर्नु पर्ने माथि उल्लेखित बाहेकका थप विवरणहरु :-**

**कम्पनीको शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण**

समिक्षा आर्थिक वर्षमा कुनै पनि शेयर जफत भएको छैन तथा त्यसको सट्टामा शेयर पुनःजारी गरिएको छैन ।

## विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन

कम्पनीमा त्यस्तो कुनै कारोबार भएको  छैन । कम्पनीका दुबै सहायक कम्पनीहरुले होटेल संचालन सम्बन्धी कुनै पनि गतिविधिहरु प्रारम्भ गरी नसकेको जानकारी गराएका छन् ।

## कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन

कम्पनीको प्रबन्धपत्रमा परिकल्पित मुख्य व्यावसाय आतिथ्यसत्कार (पर्यटन) व्यवसायनै कम्पनीको प्रमुख कारोबार रहेको छ । समीक्षा आर्थिक वर्षमा कम्पनीको व्यवसायिक कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन भएको छैन । त्यस्तै सहायक कम्पनीहरुको प्रमुख कारोबार गर्ने उद्देश्यहरुमा समेत कुनै परिर्वतन भएको छैन ।

समिक्षा आर्थिक वर्षमा कम्पनी तथा त्यसका सहायक कम्पनीहरुको व्यावसायिक कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन भएको छैन ।

### विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी

समिक्षा आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुबाट कम्पनीलाई कुनै पनि जानकारी प्राप्त भएको वा प्रकटीकरण गरीएको छैन ।

### विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी

समिक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीको संचालक समितिका सदस्यहरु र निजको नजिकको नातेदार वा एसोसिएटहरु तथा कम्पनीका पदाधिकारीहरुले नेपाल स्टक एक्स्चेन्ज लिमिटेड मार्फत कम्पनीको शेयर स्वामित्व प्राप्त गरेको वा बिक्रि गरेको विवरण तपसिल बमोजिम रहेको छ :

| क्र.स. | संचालक समितिका सदस्यको नाम | शेयरधनीको नाम | सञ्चालक संगको नाता सम्बन्ध | समिक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा शेयर स्वामित्व प्राप्त वा ग्रहण गरेको | समिक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा शेयर बिक्रि वा अधिकार परित्याग गरेको |
|---|---|---|---|---|---|
| १ | श्री विजय बहादुर श्रेष्ठ | श्री सबिनढिकी श्रेष्ठ | छोरी | - | ६४,२२० |
| २ | श्री रवि भक्त श्रेष्ठ | श्री रवि भक्त श्रेष्ठ | आफै | १०,००० | - |
| ३ | श्री रवि भक्त श्रेष्ठ | श्रीमती कान्ता श्रेष्ठ | पत्नि | ४३,१७६ | - |

समिक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीसंग उपलब्ध जानकारी अनुसार कम्पनीका कुनै पनि पदाधिकारीहरुको कम्पनीको शेयर कारोबारमा संलग्नता रहेको जानकारी प्राप्त भएको छैन ।

### विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन ।

### कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम

कम्पनीको आफ्नो शेयर आफैले खरिद गर्ने निति नरहेको र समिक्षा आर्थिक वर्षमा कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

### आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण

कम्पनीले होटेल सञ्चालनको सम्बन्धमा सोल्टी क्राउन प्लाजा होटेल व्यावस्थापनको आन्तरिक नियन्त्रण प्रणाली अर्न्तगत त्यसका संञ्चालकको तर्फबाट इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपले निर्धारित तथा निर्देशित गरेका निर्देशिकाहरुको अन्तर्राष्ट्रिय अभ्यास अनुसार परिपालना गर्दछ । यसका अतिरिक्त, आन्तरिक नियन्त्रण प्रणालीका लागि कम्पनीको आफ्नै विस्तृत वित्तीय कार्यविधि र

विनियमावलीहरु समेतबाट होटेल व्यावस्थापन निर्देशित छ। कम्पनीमा निम्नलिखित आन्तरिक नियन्त्रण प्रणालीहरु क्रियाशिल रही अभ्यस्त छन् :–

(क) होटेल संचालनको लागि प्रक्रियागत सञ्चालन निर्देशिकाहरु, कार्यविधिहरु र मार्ग निर्देशिकाहरु।

(ख) आर्थिक नीति एवं लेखा सम्बन्धी निर्देशिकाहरु।

(ग) प्रति महिना इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपलाई (InterContinental Hotels Group) प्रतिवेदनको रुपमा सम्प्रेषण गरिने आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गतका विवरणहरु।

(घ) आर्थिक कारोवारहरुलाई समुचित एवं यथोचित नियन्त्रण गर्नका लागि होटेलको आन्तरिक लेखापरीक्षण यूनिट कार्यरत रहेको छ।

(ङ) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्ररुपमा बाह्य प्रमाणिक लेखापरीक्षक, चार्टड एकाउण्टेण्टबाट नियमितरुपमा गरी प्रतिवेदन पेश गर्ने गर्दछ।

(च) व्यवस्थापन तथा लेखापरीक्षण समितिद्वारा आन्तरिक नियन्त्रण प्रणालीको आवधिक पुनरावलोकन।

(छ) होटेलको प्रवेश कार्यालय (फ्रन्ट अफिस), आरक्षण (रिजर्वेशन), लेखा सम्बन्धी हिसाब किताब तथा माल सामानको (इन्भेन्ट्रीज) व्यावस्थापनको लागि कम्प्यूटरीकृत प्रविधिको अवलम्बन गरिएकोछ।

(ज) इन्टरकन्टीनेन्टल होटेल्स ग्रुपबाट प्रत्येक छ महिनाको अन्तरालमा गरिने कन्ट्रोल सेल्फ एसेस्मेन्टका प्रक्रियाहरु।

## विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को कुल व्यवस्थापन खर्च रु. ५४,९८.४२ लाख (गत आर्थिक वर्ष रु. ५६,२४.४८ लाख) रहेको छ, जस अर्न्तगत कर्मचारीसंग सम्बन्धित खर्चहरु रु. ४१,२१.३८ लाख (गत आर्थिक वर्ष रु. ४१,२६.१९ लाख) रहेको छ जुन गत वर्षको तुलनामा ०.१२ प्रतिशतले घटेको छ।

## लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण

कम्पनी ऐन, २०६३ को व्यवस्था अनुरुप संचालक समितिबाट कम्पनीको लेखापरीक्षण समिति गठित छ। सो समितिको अध्यक्षता कम्पनीका गैर कार्यकारी संचालकले गर्नु हुन्छ। लेखापरीक्षण समितिको पूर्ण स्वतन्त्रताको सुनिश्चिततताको लागि सो समितिका अन्य सदस्यहरु पनि कम्पनीका गैर कार्यकारी संचालकहरु नै हुनु हुन्छ। लेखापरीक्षण समितिको संरचना तपसिल बमोजिम रहेको छः–

१. श्री रवि भक्त श्रेष्ठ, अध्यक्ष

२. श्री विजय बहादुर श्रेष्ठ, सदस्य र

३. श्री शशि राज पाण्डे, सदस्य

लेखापरीक्षण समितिको बैठक कम्तिमा त्रैमासिकरुपमा बस्ने गर्दछ। लेखापरीक्षण समितिले कम्पनीको आन्तिरिक तथा बैधानिक लेखापरिक्षण सम्बन्धि प्रतिवेदनहरुको समिक्षा, आन्तिरिक नियन्त्रण प्रणालीको अनुपालनाको पुनरावलोकन, लिन बांकी प्राप्य असामीहरुबाट असुली, आदि तथा होटेलको वित्तीय कार्यसम्पादनको लेखाजोखा गर्ने गर्दछ। लेखापरीक्षण समितिले सो समितिको बैठक पश्चात् लगतै बस्ने संचालक समितिको बैठकमा समितिको बैठकको कामकार्यवाहीको विवरण पेश गर्दै समीक्षात्मक निर्देशनका लागि प्रतिवेदन पेश गर्दछ।

समिक्षा अर्थिक वर्षमा लेखापरीक्षण समितिले कम्पनीका बैधानिक लेखापरीक्षक, स्वतन्त्र आन्तरिक लेखापरीक्षकहरु, कार्यकारी अध्यक्ष, महाप्रवन्धक, मुख्य लेखापाल, निर्देशक वित्त तथा व्यवसाय सहयोग, निर्देशक वित्त (कर्पोरेट), क्रेडिट मैनेजर र सहायक क्रेडिट मैनेजरहरुलाई लेखापरीक्षण समितिको बैठकहरुमा आमन्त्रित गरी छलफल गर्‍यो ।

बैधानिक लेखापरीक्षकले लेखापरीक्षण समितिमा आफ्नो प्रारम्भिक बैधानिक लेखापरीक्षण प्रतिवेदन पेश गर्ने गर्दछन् । कम्पनी सचिवले लेखापरीक्षण समितिको सचिवको रुपमा कार्य गर्ने गर्दछ ।

**समिक्षा अर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा लेखापरीक्षण समितिले तपसिल बमोजिमको कार्यसम्पादन गर्‍यो :**

(क) लेखापरीक्षण समितिले होटेलको लिनु पर्ने बांकी प्राप्य असामीहरुको असुलीका लागि त्रैमासिकरुपमा बिस्तृत पुनरावलोकन गरी सबै पुराना प्राप्तहुन बांकी असामीहरुको असूलीका लागि आवश्यक उपायहरु अवलम्बन गरी कार्यवाही गर्न निर्देशन सहित असामीहरुको असुली प्रक्रियालाई सुदृढ पारी नियन्त्रितरुपमा लेना असुली गर्न व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गर्‍यो ।

(ख) लेखापरीक्षण समितिले अर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) का कम्पनीका वार्षिक आर्थिक बिवरणहरु सहितको बैधानिक लेखापरीक्षकबाट प्राप्त भएको प्रारम्भिक बैधानिक लेखापरीक्षण प्रतिवेदनहरु ग्रहण गरी समीक्षात्मक अध्ययन तथा छलफल पश्चात् कम्पनीको सञ्चालक समिति समक्ष तिनको अभिग्रहणको लागि सुझाव प्रस्तुत गर्ने कार्य गर्‍यो ।

(ग) लेखापरीक्षण समितिले त्रैमासिक रुपमा प्राप्त कम्पनीका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुको समीक्षात्मक छलफल गरी त्यसमा औल्याईएका कैफियतहरुमा सुधारात्मक उपायहरु अवलम्बन गर्न तथा सो सम्बन्धित सिफारिशहरुको कार्यान्वयन गर्न गराउनका लागि व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गर्ने कार्य सम्पादन गर्‍यो ।

(घ) लेखापरीक्षण समितिले कम्पनीका आन्तरिक लेखापरीक्षकको वार्षिक कार्यक्षमताको पुनरावलोकन गरी अर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) का लागि कम्पनीको स्वतन्त्र आन्तरिक लेखापरीक्षकमा नियुक्ति र नीजको पारिश्रमिक समेत निर्धारण गरी निजहरुको नियुक्तिको लागि सिफारिश गर्ने कार्य गर्‍यो ।

(ङ) लेखापरीक्षण समितिले सञ्चालक समितिलाई जानकारी गराए बमोजिम कम्पनीका पुराना असामीहरुबाट असूल उपर हुन बांकी प्राप्तिहरु उठाउनका लागि कम्पनीको व्यवस्थापनले हर सम्भव कार्यवाहीहरु अवलम्बन गरेको तथा पुराना प्राप्तहुन बांकी असामीहरुको असुली प्रक्रिया संतोषजनक रहेकोछ ।

(च) लेखापरीक्षण समितिले आफ्ना बैठकहरुमा कम्पनीको व्यवस्थापनलाई त्रैमासिक रुपमा कार्यान्वयन गर्न दिएका बिभिन्न सिफारिसहरु तथा निर्देशनहरुको सम्बन्धमा संचालक समिति समक्ष प्रतिवेदन पेश गर्‍यो ।

(छ) लेखापरीक्षण समितिले कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजहरुको पारिश्रमिक निर्धारण गर्न कम्पनीका शेयरधनीहरुको ४१औं बार्षिक साधारण सभा समक्ष सिफारिस गर्‍यो ।

संचालक समिति, लेखापरीक्षण समितिका अधिकांश सिफारिसहरुलाई कम्पनीको व्यवस्थापनले परिपालना गरेको वा केही सिफारिश तथा निर्देशनहरु कार्यान्वयन हुने क्रममा रहेको तथा सोको अनुपालनाको स्थिति संतोषजनक रहेको सहर्ष जानकारी गराउंदछ ।

कम्पनीको लेखापरीक्षण समितिका सदस्यहरु, समीक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरुमा कुनै पनि गम्भीर विषय नऔंल्याईएको सहर्ष जानकारी गराउंदछ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजनक रहेको छ ।

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा लेखापरीक्षण समितिको बैठक जम्मा चार पटक बस्यो । कम्पनीको लेखापरीक्षण समितिका अध्यक्ष र सदस्यहरुलाई कुल रु. २,११,७६४/– बैठक भत्ता वापत भुक्तानी गर्‍यो ।

## सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा

कम्पनीमा संस्थागत शेयर स्वामित्व रहेको संचालक संग सम्बद्ध निकाय नेपाल बायुसेवा निगमबाट रु. १,७५.६० लाख (गत आर्थिक वर्ष रु. ६८.८७ लाख ) असुल उपर हुन बांकी छ । यो कम्पनीको फ्लाइट केटरिंग एकाई एल एस जी स्काई सेफ फ्लाइट केटरिंग यूनिटले नेपाल बायुसेवा निगमका हवाई उडानहरुमा केटरिंग सेवा प्रदान गरे वापतको नियमित व्यावसायिक कारोबार अर्न्तगतको असुल उपर हुन बांकी रकम हो । कम्पनीको नेपाल बायुसेवा निगमसंग विगत धेरै वर्ष देखि नियमितरुपमा व्यावसायिक सम्बन्ध रहँदै आएकोछ ।

## सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

कम्पनीको संचालक समितिका सदस्यहरुलाई बैठक भत्ता प्रति बैठक रु. १५,००० खूद कर पश्चात् बाहेक अन्य कुनै पनि तलब, भत्ता र सुबिधाको भुक्तानी गरिएको छैन । आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीले गैर कार्यकारी संचालक समितिका सदस्यहरुलाई कुल बैठक भत्ता रु. ६,७०,५८६/- भुक्तानी गर्‍यो ।

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीका कार्यकारी अध्यक्ष, महाप्रबन्धक, र अन्य प्रबन्धक स्तरका पदाधिकारीहरुलाई तलब, भत्ता, र अन्य सुबिधा वापत कुल रकम रु. ९,६९,५७,९००/- भुक्तानी गरियो ।

कम्पनीले कार्यकारी अध्यक्ष तथा महाप्रबन्धकलाई अन्य सुबिधा वापत ड्राइभर, इन्धन र संभार सहितको सवारी साधन, उपलब्ध गराउंदछ ।

## शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम

कम्पनीका केही शेयरधनी महानुभावहरुले ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) सम्मको विगत आर्थिक वर्षहरुको लाभांश अझै पनि दाबि नगर्नु भएको कुल रकम रु. ३८,५०,७०६/- (गत आर्थिक वर्ष रु. ४१,५४,७०४/- ) छ, जसमा आर्थिक वर्ष २०४९/०५० देखि २०७१/०७२ (ई. सं. १९९२/९३ देखि २०१४/१५) सम्मको दावि नगरिएको लाभांश समेत समावेश छ ।

उपरोक्त उल्लिखित दावि नगरिएको लाभांश मध्ये, रु. ९,८२,८४४/- –गत आर्थिक वर्ष रु. ९,११,०६६/-) आर्थिक वर्षहरु २०४९/०५० देखि २०६६/०६७ (ई. सं. १९९२/९३ देखि २००९/१०) सम्मको लाभांश घोषणा भएको मितिले पांच वर्ष नाघि सकेको शेयरधनी महानुभावहरुले भुक्तानी लिई सक्नु पर्ने बांकी रहेको दावि नगरिएको लाभांश रकम हो ।

कम्पनी ऐन बमोजिम, शेयरधनी महानुभावहरुले दावि नगरेको वा भुक्तानी नलिएको कम्पनीले साधारण सभाबाट लाभांश वितरण गर्ने घोषणा भएको मितिले पांच वर्ष नाघेको लाभांश नेपाल सरकारले स्थापित गर्ने लागानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेकोछ । तसर्थ, उपरोक्त आर्थिक वर्षहरुको लाभांश रकम हालसम्म पनि भुक्तानी नलिनु भएका सम्बन्धीत सबै शेयरधनी महानुभावहरुलाई उक्त लाभांशको रकम यथाशिध्र कम्पनीको ताहाचल स्थित रजिष्ट्र्र्ड कार्यालयबाट बुझी लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

## कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति प्राप्ति वा विक्री गरेको कुरा जानकारी गराउनुपर्ने केही छैन ।

## कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच जानकारी गराउनुपर्ने कुनै कारोवार भएको छैन ।

**कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा**

समीक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा उल्लेख गर्नु पर्ने अन्य कुनै कुरा छैन ।

**अन्य आवश्यक कुराहरु**

संचालक समितिले खुलाउनुपर्ने अन्य सम्बद्ध आवश्यक विषयहरु केही नभएको ।

**अनुसुची १३**

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ (संशोधन सहित) को नियम २२ को उपनियम (१) संग सम्बन्धित अनुसुची १३ अनुसार वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरणहरू:**

**संचालक समितिको प्रतिवेदन**

संचालक समितिको प्रतिवेदनमा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने सबै विवरणहरु समावेश गरि सम्बन्धित शीर्षक अर्न्तगत खुलाइएको छ ।

**लेखापरीक्षकको प्रतिवेदन**

लेखापरीक्षकको प्रतिवेदन कम्पनीका आर्थिक विवरणहरुसंग सम्बन्धित शीर्षकमा यसै साथ संलग्न **वार्षिक प्रतिवेदन** २०७२/०७३ (२०१५/१६) मा समावेश रहेको छ ।

**लेखापरीक्षण भएको वित्तीय विवरण**

कम्पनीको लेखापरीक्षण भएको वासलात, आय विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन तथा सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु र अनुसुचिहरु सहितका आर्थिक विवरणहरु कम्पनीको वार्षिक प्रतिवेदन २०७२/०७३ (२०१५/१६) मा समावेश रहेका छन ।

**कानुनी कारवाही सम्बन्धी विवरण**

(क) **आर्थिक वर्ष / त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए;**

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को अवधिमा कम्पनीले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए;**

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए;**

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :–**

शेयरको कारोबारमा हुने उतार चढाव श्री नेपाल स्टक एक्सचेन्ज लि. मार्फत खुल्ला बजारबाट प्रतिपादित हुने मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोबार सम्वन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

**(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन :–**

समिक्षा आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को अवधिमा कम्पनीको प्रत्येक त्रैमासिक अवधिको शेयर कारोबारको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या निम्न बमोजिम रहेको छ :

| आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) त्रैमासिक अवधि | आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) शेयरको मूल्य (रुपैयाँमा) (परल मुल्य प्रति शेयर रु. १० का दरको) | | | आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) शेयर कारोवार | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | अन्तिम | कूल दिन | कुल संख्या | कुल शेयर संख्या |
| प्रथम त्रैमासिक आश्विन मसान्त २०७२ | ५१८ | ४१९ | ४२५ | ५० | ३७१ | १४८,७२९ |
| दोश्रो त्रैमासिक पौष मसान्त २०७२ | ४४८ | ३१० | ३२६ | ५२ | ६६३ | २६८,४४५ |
| तेश्रो त्रैमासिक चैत्र मसान्त २०७२ | ३४८ | ३०५ | ३४४ | ५६ | ५३५ | २१६,५९८ |
| चैथो त्रैमासिक आषाढ मसान्त २०७३ | ४३१ | ३४० | ३७५ | ६४ | १,४९६ | १,०६४,८०१ |
| जम्मा | | | | २२२ | ३,०६५ | १,६९८,५७३ |

(श्रोत : श्री नेपाल स्टक एक्सचेन्ज लि. को वेब साईट http://www.nepalstock.com.np)

## समस्या तथा चुनौती

**(क) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।**

**(ख) बाह्य;**

(i) संचालन खर्चहरु, जस्तै अनियमित बिद्युत आपूर्ति, पिउने पानीको अभाव, बढदो मानव संसाधन, बस्तु एवं सेवाहरुको मुल्य, उर्जा संकट, र उत्पादन तथा सेवाहरुको आकासिदो लागत खर्च बृद्धिबाट पर्ने प्रतिकुल प्रभावहरु ।

(ii) अन्तर्राष्ट्रिय स्तरमा घट्ने पर्यटन प्रतिकूलताका घटनाहरुको प्रतिकुल प्रभावहरु ।

(iii) राजनैतिक अस्थिरता तथा उपद्रव, तथा पर्यटनका भौतिक पूर्वाधारहरुको कमी र सरकारको पर्यटन सम्बन्धी नीतिबाट पर्ने प्रतिकुल प्रभावहरु ।

(iv) प्राकृतिक विपदाहरु जस्तै भूकम्प तथा अन्य आफत विपद र प्राकृतिक प्रकोपहरुको प्रभाव ।

**(ग) रणनीति :**

(i) ग्राहक केन्द्रित सेवाको अवधारणाको विकाश गरी होटेलका पाहुना ग्राहकहरुलाई अधिकतम सेवा र सुख:सुविधा प्रदान गरिने ।

(ii) बजार अंशलाई सशक्त रुपमा विस्तार गरी अनुशासित अभिबृद्धि गर्ने रणनीति ।

(iii) ग्राहकवर्ग र बजार अंशलाई आकर्षित गर्ने उत्पादन तथा सेवाहरुको अन्वेषण गरी विकास गर्ने ।

(iv) होटेलका भौतिक पूर्वाधार संरचनाहरुको स्तरवृद्धि गर्ने र कोषको लागत घटाउने उत्पादन तथा सेवाहरुको निरन्तर विकास गर्दै अभिबृद्धि र लाभदायिकताको मार्ग अन्वेषण गर्ने ।

(v) काठमाण्डौं बाहिर लगानी वा होटेल संचालन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन ।

(vi) अतिथि पाहुना ग्राहकहरुले होटेलबाट अपेक्षित भन्दा बढी स्तरीय उत्कृष्ट सेवा हासिल गर्ने लक्ष्य पछ्याउनका लागि यसका उत्पादन तथा सेवाहरुको निरन्तर स्तरोन्नति जारी राख्ने ।

## संस्थागत सुशासन

### संस्थागत सुशासन अभिबृद्धिका लागि व्यावस्थापनद्वारा चालिएका कदम

पारदर्शीता तथा उत्तरदायित्व संस्थागत सुशासनका दुई आधारभूत सिद्धान्त हुन । कम्पनीमा आदर्श संस्थागत सुशासन प्रणालीको अभ्यासका लागि कम्पनीको सञ्चालक समिति प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालक समिति ३१ आषाढ २०७३ मा समाप्त भएको आर्थिक वर्षमा कम्पनीले संस्थागत सुशासनका सम्पूर्ण अनुपालनहरुको अनुसरण र तिनको अनुपालना गरेको सहर्ष जानकारी गराउदछ, जसमा तपसिलका तथ्यहरु समेत समावेश छन :–

(क) पर्याप्त व्यावसायिक दक्षता सहितको अनुभवी मूल व्यवस्थापन समूह ।

(ख) होटेल संचालनका विविध गतिविधिहरुको पुनरावलोकन तथा व्यावस्थापनका बिभिन्न क्षेत्रहरुको कार्यप्रगतिको विश्लेषण अनुगमनको लागि गर्ने कार्यकारी पदाधिकारी समितिको नियमित हुने समिक्षा बैठकहरु ।

(ग) कम्पनी तथा इन्टरकन्टिनेन्टल होटेल्स ग्रुपको पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली, नीति निर्देशिकाहरु, कार्यबिधिहरु, नियमहरु र सम्बन्धित ऐन तथा कानूनका प्रावधानहरुको अनुपालन तथा सम्बन्धित पक्षबाट तिनको नियमित अनुगमन ।

(घ) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, नीतिनिर्देशिकाहरु, कार्यबिधिहरु, नियमहरु र सम्बन्धित ऐन तथा कानूनका प्रावधानहरुको अनुपालन भए नभएको परीक्षणका लागि स्वतन्त्र बाह्य आन्तरिक लेखापरिक्षक रही स्वतन्त्ररुपमा आन्तरिक नियन्त्रणको सम्बन्धमा जानकारी गराउने व्यावस्था । स्वतन्त्र आन्तरिक लेखापरिक्षकले कम्पनीको संचालक समितिको लेखापरीक्षण समितिलाई सोझै प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ । होटेलको आफ्नै पनि आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशिल छ जसले होटेलको आन्तरिक नियन्त्रण प्रणालीको पुनरावलोकन गर्ने कार्य गर्दछ ।

(ङ) लेखापरीक्षण समिति र संचालक समितिबाट त्रैमासिकरुपमा कम्पनीको कार्यप्रगतिको नियमित पुनरावलोकन एवं समीक्षा ।

(च) नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज लि., नेपाल राष्ट्र बैंक तथा पयर्टन तथा नागरिक उड्डयन मन्त्रालय आदिबाट जारी गरिएका ऐन, नियम, विनियम, निर्देशिकाहरु र समय समया प्राप्त हुने निर्देशनहरुको पूर्ण परिपालना ।

### विवरणपत्र र लेखापरीक्षण भएको विवरणहरुको बीच भएको फरक सम्बन्धी विवरण;

**यदी विवरणपत्रमा प्रक्षेपण गरिएका र लेखापरीक्षण भएको विवरणहरुमा बीस प्रतिशत वा सो भन्दा बढी फरक भए सो सम्बन्धी विवरण;**

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) मा त्यस्तो कुनै विवरणपत्र जारी गरिएको छैन ।

### विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण;

आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को अवधिमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सृजित भए सम्बन्धी विवरण तपसिल बमोजिम रहेको छः–

| क्र.स. | सृजित विशेष घटना वा परिस्थितिको विवरण | विशेष घटना वा परिस्थिति सृजित भएको मिति | बोर्डमा सूचना पेश गरेको मिति |
|---|---|---|---|
| १. | संगठित संस्थाको संचालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन: संस्थागत शेयरधनी श्री होलिडे इन्स् इन्भेष्टमेण्ट (नेपाल) लिमिटेडको तर्फबाट श्री शान्थ असिरी डि सिल्बालाई संचालक र श्री स्टिफेन जोन कारोललाई निजको वैकल्पिक संचालकमा नियुक्त, | २०७२ भाद्र ९ गते (२६ अगस्त २०१५) | २०७२ भाद्र ११ गते (२८ अगस्त २०१५) |
| २. | संगठित संस्थाको संचालक समितिबाट भएको विशेष निर्णय सिफारिश :<br>● ४१औं साधारण सभा हुने सम्बन्धी मिति, स्थान र समय सम्बन्धी निर्णय;<br>● शेयरधनीको दर्ता किताब बन्द गर्ने निर्णय,<br>● वार्षिक हिसाब किताबहरु पारित भएको निर्णय,<br>● नगद लाभांश र बोनश शेयर वितरण गर्ने निर्णय,<br>● पूँजी संरचना परिवर्तन सिफारिश, सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन | २०७२ मंसिर १४ गते (३० नोभेम्बर २०१५) | २०७२ मंसिर १५ गते (१ दिसम्बर २०१५) |
| ३. | संगठित संस्थाको लेखापरिक्षक परिवर्तनको जानकारी :<br>● ४१औं साधारण सभाबाट लेखापरिक्षक नियुक्ती<br>४१औं साधारण सभाबाट लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन ;<br>● वार्षिक आर्थिक बिवरण तथा हिसाब किताबहरु पारित ;<br>● नगद लाभांश र बोनश शेयर वितरण गर्ने घोषणा वा पूँजी संरचना परिवर्तन,<br>● पूँजी संरचना परिवर्तन सिफारिश, सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन | २०७२ पौष २९ गते (१३ जनवरी २०१६) | २०७२ माघ ४ गते (१८ जनवरी २०१६) |
| ४ | कम्पनीका सञ्चालक समितिका सदस्य, डा. श्री प्रभा बस्नेतको मृत्यु , | २०७३ असार २३ गते (७ जुलाई २०१६) | २०७३ श्रावण ४ गते (२० जुलाई २०१६) |

## १५. कृतज्ञता

कम्पनीको वार्षिक साधारण सभाहरुमा सक्रिय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य सूक्ष्मदृष्टि, मार्गनिर्देशन, बहुमूल्य सहयोग एवं समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछ । कम्पनीलाई निरन्तर सहयोग र संरक्षण प्रदान गर्नु हुने हाम्रा सम्पूर्ण सम्मानित अतिथिहरु, ट्राभल एजेन्सीहरु, एयरलाईन्सहरु, परियोजना परामर्शदाताहरु, ठेकेदारहरु, आपूर्तिकर्ताहरु, सेवा प्रदायकहरु, बैंकहरु तथा अन्य एजेन्सीहरुलाई संचालक समिति हार्दिक प्रशंसा तथा कृतज्ञता व्यक्त गर्दछ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं अन्य सरकारी तथा नियमक निकायहरुबाट प्राप्त सहयोग र मार्गदशनका लागि संचालक समिति आभार एवं धन्यवाद व्यक्त गर्दछ ।

अन्तमा, सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई पुर्‍याउदै आउनु भएको निरन्तर महत्वपूर्ण योगदानका लागि संचालक समिति ह्दय देखिनै हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछ ।

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष

शशि राज पाण्डे
रामहरि शर्मा सेढाई
जया राज्य लक्ष्मी शाह
विजय बहादुर श्रेष्ठ
रवि भक्त श्रेष्ठ
राजेश काजि श्रेष्ठ
शान्थ असिरी डि सिल्वा
निरंजन कुमार टिबरेवाला
संचालकहरु

मिति: २०७३ साल मंसिर ९ गते
२४ नोभेम्बर २०१६
स्थान: काठमाण्डौं ।

# सोल्टी होटल लिमिटेड

## वित्तीय झलक

कम्पनीले हासिल गरेको विगत पांच आर्थिक वर्षको संक्षिप्त तुलनात्मक प्रमुख वित्तीय सूचांकहरु देहाय बमोजिम रहेका छन्ः–

रुपैंयां लाखमा

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ |
| कुल आम्दानी | १२,४४०.९३ | १४,३८८.३६ | १४,०७२.२६ | १२,६८०.५७ | ११,१३३.७२ |
| कुल खर्चहरु | १०,०४७.१७ | १०,४५८.३० | ९,६३९.१४ | ९,१५०.५८ | ७,८१८.६० |
| **व्याज, ह्रास, व्यवस्था र आयकर अघिको मुनाफा** | **२,३९३.७६** | **३,९३०.०६** | **४,४३३.१२** | **३,५२९.९९** | **३,३१५.१२** |
| न्यून: व्याज खर्च | ६.१५ | २.७२ | – | ६.०८ | ५६.७१ |
| **ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा** | **२,३८७.६२** | **३,९२७.३३** | **४,४३३.१२** | **३,५२३.९१** | **३,२५८.४२** |
| न्यून: ह्रास | ७९८.४१ | ७८३.२० | ७७५.४७ | ६८५.७६ | ५४५.१४ |
| न्यून: कर्मचारी आवास व्यवस्था | ७९.४६ | १५७.२१ | १८२.८८ | १४१.९१ | १३५.६६ |
| न्यून: कर्मचारी बोनश व्यवस्था | १३७.२५ | २७१.५४ | ३१५.८९ | २४५.११ | २३४.३३ |
| **आयकर अघिको मुनाफा** | **१,३७२.५०** | **२,७१५.३९** | **३,१५८.८७** | **२,४५१.१४** | **२,३४३.२८** |
| न्यून: आयकर व्यवस्था | ३१३.३७ | ५६७.७१ | ७२९.६२ | ६४७.४७ | ५९५.२४ |
| थप: स्थगित कर (Deferred Tax) | (६०.२८) | ५३.२३ | १०.५२ | ७७.१२ | ४१.०५ |
| **आयकर पछिको खुद मुनाफा (बाँडफाँड अघि)** | **९९८.८४** | **२,२००.९१** | **२,४३९.७८** | **१,८८०.७९** | **१,७८९.०९** |
| **यस वर्ष खुद जगेडामा सारेको (बाँडफाँड अघि)** | **९९८.८४** | **२,२००.९१** | **२,४३९.७९** | **१,८८०.७९** | **१,७८९.०९** |

# वित्तीय झलक










## कोठा आम्दानी, अक्यूपेन्सी, औषत कोठा दर तथा आम्दानी प्रति उपलब्ध कोठा :–

| विवरण | आर्थिक वर्ष | | | | | गत आ.वर्ष २०७१/७२ को तुलनामा वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ | |
| कोठा गणना (Room Count) | २८२ | २८२ | २८२ | २८२ | २८२ | ०.००% |
| कोठा आम्दानी (रुपैंयाँ लाखमा) (Room Revenue) | ३,६१५.१९ | ५,२४७.१९ | ५,३९५.३१ | ५,१६८.९० | ४,४०७.४६ | (३१.१०%) |
| उपलब्ध कोठा (Room Available) | १०२,९३० | १००,८८४ | ९९,७४७ | १०२,९३० | १,०२,९३० | २.०३% |
| बिक्रियोग्य कोठा (Saleable Room) | १०२,९३० | १००,८८४ | ९९,७४७ | १०२,९३० | १,०२,९३० | २.०३% |
| कोठा बसाई (Room Occupied) | ४७,३४१ | ६५,७८१ | ७१,१४८ | ७५,७६३ | ७५,१०९ | (२८.०३%) |
| अक्यूपेन्सी प्रतिशत (Occupancy Percentage) | ४५.९९% | ६५.२०% | ७१.३३% | ७३.६१% | ७२.९७% | (१९.२१%) |
| औषत कोठा दर (रुपैंयां) (Average Room Rate) | ७,६३६ | ७,९७७ | ७,५८३ | ६,८२३ | ५,८६८ | (४.२७%) |
| आम्दानी प्रति उपलब्ध कोठा (रुपैंयां) (RevPAR) | ३,५१२ | ५,२०१ | ५,४०९ | ५,०२२ | ४,२८२ | (३२.४७%) |

## वित्तीय झलक










## वित्तीय उपलब्धीहरु

कम्पनीको विगत पाँच वर्षको तुलनात्मक वित्तीय अवस्था र उपलब्धीहरू :–

रुपैया लाखमा

| विवरण | आर्थिक वर्ष | | | | | गत आ.वर्ष २०७१/७२ को तुलनामा वृद्धि/(कमी) प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ | |
| शेयर पूंजी | ५,२६५.२६ | ४,२१२.१८ | ३,००८.७१ | २,१४९.०९ | १,७९०.९० | २५.००% |
| कुल स्थिर सम्पत्ति | १८,६७२.८८ | १८,४१३.११ | १७,१५४.२७ | १६,२०६.१८ | १५,८१७.३४ | १.४१% |
| कुल कारोवार (बिक्रि) | १२,४४०.९३ | १४,३८८.३६ | १४,०७२.२६ | १२,६८०.५७ | ११,१३३.७२ | (१३.५३%) |
| व्याज, ह्रास, व्यवस्था तथा कर अधिको मुनाफा | २,३९३.७६ | ३,९३०.०६ | ४,४३३.१२ | ३,५२९.९९ | ३,३१५.१२ | (३९.०९%) |
| खुद मुनाफा/(नोक्सान) | ९९८.८४ | २,२००.९१ | २,४३९.७९ | १,८८०.७९ | १,७८९.०९ | (५४.६२%) |

## वित्तीय झलक







## वित्तीय झलक – कुल खर्चको शीर्षकगत वर्गिकृत बितरण

विभिन्न शीर्षकअन्तर्गत भएको कुल खर्चको वर्गिकृत बितरण :–

**रुपैयां लाखमा**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | २०७२/७३ | बितरण प्रतिशतमा |
| तलब, भत्ता, ज्याला र अन्य कर्मचारीहरुसंग सम्बन्धित खर्च | ४,१२१.३८ | ३६.२१% |
| खाद्य, खाद्यान्न आपूर्ति र पेयपदार्थको खपत | २,०८१.६१ | १८.२९% |
| विद्युत तथा ईन्धन खर्च | १,१४१.८२ | १०.०३% |
| संचलान व्यय, प्रशासकिय तथा अन्य खर्च | २,६६५.५८ | २३.४२% |
| व्याज | ६.१५ | ०.०५% |
| ह्रास र परिशोधन खर्च | ८३५.१९ | ७.३४% |
| कर्मचारी आवास व्यवस्था | ७९.४६ | ०.७०% |
| कर्मचारी बोनस व्यवस्था | १३७.२५ | १.२१% |
| आयकर व्यवस्था | ३१३.३७ | २.७५% |
| **कुल खर्च** | **११,३८१.८१** | **१००.००%** |

## ग्राफ : वित्तीय झलक – कुल खर्चको शीर्षकगत वर्गिकृत बितरण




## प्रमुख वित्तीय सूचांकहरु:

कम्पनीले हासिल गरेको विगत पाँच आर्थिक वर्षको तुलनात्मक प्रमुख वित्तीय सूचांकहरू देहाय बमोजिम रहेका छन् :

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ |
| ऋृण पूंजिको अनुपात<br>(Debt Equity Ratio) | ०.०१ | ०.०१ | – | – | ०.०६ |
| शेयरधनीहरुको शेयर पूंजिकोषको प्रतिफल<br>(Return on Equity Shareholders Fund) | ०.०८ | ०.१९ | ०.२५ | ०.२४ | ०.२९ |
| प्रति शेयर आम्दानी (रु.)<br>(Earnings Per Share) | १.९० | ५.२३ | ८.११ | ८.७५ | ९.९९ |
| प्रति शेयर नेटवर्थ (रु.)<br>(Net worth per share) | २२.८९ | २७.६५ | ३२.४४ | ३६.५६ | ३४.८९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)<br>(Gross assets value per share) | ३५.६८ | ४३.५४ | ५२.८४ | ६०.७७ | ७०.५६ |
| प्रति शेयर बजार मूल्य (रु.१० प्रति शेयर) (रु.)<br>(Market Value Per Share {Share of Rs.10 each}) | ३७५.०० | ४२५.०० | ५८१.०० | २७६.०० | २३०.०० |
| प्राईस अर्निंग रेसियो (टाईम्स)<br>(Price Earnings Ratio {Times}) | १९७.६८ | ८१.३४ | ७१.६५ | ३१.५४ | २३.०२ |
| चालु अनुपात<br>(Current Ratio) | १.२९ | १.२३ | १.१० | ०.९८ | ०.८४ |
| ऋृण/कुल पूंजि निवेशको अनुपात (टाईम्स)<br>(Debts/Capital Employed Ratio {Times}) | ०.६३ | ०.७४ | – | – | १.४२ |

## वित्तीय झलक


चालु अनुपात
१.२९
१.२३
१.१०
०.९८
०.८४
१.४०
१.२०
१.००
०.८०
०.६०
०.४०
०.२०
-
अनुपात
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
आर्थिक वर्ष


ऋण/कुल पूँजी निवेशको अनुपात
१.४२
-
-
०.७४
०.६३
१.६०
१.४०
१.२०
१.००
०.८०
०.६०
०.४०
०.२०
-
अनुपात
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
आर्थिक वर्ष


प्राईस अर्निंग रेशियो (टाईम्स)
१९७.६८
८१.३४
७१.६५
३१.५४
२३.०२
२००.००
१५०.००
१००.००
५०.००
-
टाईम्स
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
आर्थिक वर्ष


प्रति शेयर आम्दानी
९.९९
८.७५
८.११
५.२३
१.९०
१०.००
८.००
६.००
४.००
२.००
-
प्रति शेयर आम्दानी (रु.)
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
आर्थिक वर्ष


प्रति शेयर नेटवर्थ
३४.८९
३६.५६
३२.४४
२७.६५
२२.८९
४०.००
३०.००
२०.००
१०.००
-
रुपैयाँ
२०६८/०६९
२०६९/०७०
२०७०/०७१
२०७१/०७२
२०७२/०७३
आर्थिक वर्ष

# वित्तीय झलक – गियरिंग अनुपात, चालु सम्पत्ति र दायित्व, कुल सम्पत्ति र पूँजी निवेश :

कम्पनीको विगत पाँच वर्षको चालु सम्पत्ति र दायित्व, ऋण, कुल पूँजी तथा पूँजी निवेश :

रुपैयां लाखमा

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७१/७२ | २०७०/७१ | २०६९/७० | २०६८/६९ |
| चालु सम्पत्ति (Current Assets) | ८,६३७.४८ | ८,१७०.६० | ६,७७५.९६ | ५,०७४.८९ | ५,२८२.२८ |
| चालु दायित्व (Current Liability) | ६,६८६.९२ | ६,६६०.९८ | ६,१३७.८३ | ५,२०१.८९ | ६,२९९.०१ |
| ऋण (Debts) | ७६.४९ | ८६.९७ | – | – | ८९.७८ |
| कुल पूंजि (Total Equity) | १२,०५२.५७ | ११,६४८.१० | ९,७५९.२१ | ७,८५७.८४ | ६,२४८.५१ |
| कुल पूंजि निवेश (शेयर पूंजि + संचित नाफा + ऋण (Capital Employed {CE}) | १२,१२९.०६ | ११,७३५.०७ | ९,७५९.२१ | ७,८५७.८४ | ६,३३८.२९ |

## वित्तीय झलक






## शेयर कारोबारको विश्लेषण :

समिक्षा आर्थिक वर्षमा कम्पनीको प्रत्येक त्रैमासिक अवधिको शेयर कारोबारको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या निम्न बमोजिम रहेको छ :

| त्रैमासिक अवधि आर्थिक वर्ष २०७२/०७३ | शेयरको मूल्य रु. | | | शेयरको कारोवार भएको | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम | न्यूनतम | अन्तिम | कुल दिन | संख्या | कुल शेयर संख्या |
| प्रथम त्रैमासिक आश्विन मसान्त २०७२ | ५१८ | ४१९ | ४२५ | ५० | ३७१ | १४८,७२९ |
| दोश्रो त्रैमासिक पौष मसान्त २०७२ | ४४८ | ३१० | ३२६ | ५२ | ६६३ | २६८,४४५ |
| तेश्रो त्रैमासिक चैत्र मसान्त २०७२ | ३४८ | ३०५ | ३४४ | ५६ | ५३५ | २१६,५९८ |
| चौथो त्रैमासिक आषाढ मसान्त २०७३ | ४३१ | ३४० | ३७५ | ६४ | १४९६ | १,०६४,८०१ |
| | | | **जम्मा** | २२२ | ३०६५ | १,६९८,५७३ |

## ग्राफ: नेपाल स्टक एक्सचेंजमा (नेप्से) कम्पनीको शेयर मुल्य



## आर्थिक वर्षको अन्त्यमा विगत पाँच वर्षको प्रति शेयर बजार मूल्य :

| आर्थिक वर्ष | आर्थिक वर्षको अन्त्यमा बजार मूल्य प्रति शेयर (रु.) |
|---|---|
| २०६८/०६९ | २३०।०० |
| २०६९/०७० | २७६।०० |
| २०७०/०७१ | ५८१।०० |
| २०७१/०७२ | ४२५।०० |
| २०७२/०७३ | ३७५।०० |

## ग्राफ: आर्थिक वर्षको अन्त्यमा विगत पाँच वर्षको प्रति शेयर बजार मूल्य



**JB** JOSHI & BHANDARY ♦ **Chartered Accountants**

♦ G.P.O. Box: 3423
Kosi Kompound, Dillibazar
Kathmandu, Nepal
Tel: 977-1-4419364
Tel: 977-1-4423550
Fax: 977-1-4413038
Web: www.jb.com.np

# सोल्टी होटल लिमिटेडको
# शेयरधनी महानुभावहरु समक्ष
# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले **सोल्टी होटल लिमिटेडको** यसैसाथ संलग्न आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) को वासलात, सोही मितिमा समाप्त वर्षको आम्दानी विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह एवं प्रमुख लेखा नीतिहरु तथा व्याख्यात्मक टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

## आर्थिक विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेकोछ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटि रहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्नुपर्दछ ।

## लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गऱ्यौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्वन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुति हुन सक्ने बमोजिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले कम्पनीको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने काममा अवलम्बन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मूल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन:**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

(ख) कम्पनीको हिसाब किताबहरु प्रचलित कानून बमोजिम ठीकसंग राखिएका छन् ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, आम्दानी विवरण, नगद प्रवाह विवरण र संलग्न अनुसुचीहरु कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम राखेको हिसाव किताब बहि खाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) कम्पनीका कारोवारहरु आफ्नो अख्तियार भित्र रहेको पाइयो ।

(ङ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना तथा स्पष्टीकरणको आधारमा कम्पनीको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखा सम्वन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

हाम्रो रायमा, **सोल्टी होटल लिमिटेडका** वित्तीय विवरणहरु, प्रमुख लेखा नीति तथा व्याख्यात्मक टिप्पणीहरुको आधारमा अध्ययन गर्दा तथा त्यहां उल्लेखित व्यहोराले वित्तीय विवरणमा पार्ने असर बाहेक ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) को आर्थिक अवस्था तथा उक्त अवधिको आर्थिक नतिजा र नगद प्रवाहको नेपाल लेखामान अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

प्रभुराम भण्डारी
\-------
**प्रभुराम भण्डारी**
**प्रबन्ध साझेदार**

**मिति : १३ मंसिर २०७३ (२८ नोभेम्बर २०१६)**
**स्थान : काठमाण्डौं ।**

# सोल्टी होटल लिमिटेड

## ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) को वासलात

रुपैयाँ

| विवरण | अनुसूची | | ३१ आषाढ २०७३ | ३१ आषाढ २०७२ |
|---|---|---|---|---|
| **पूँजी र दायित्व** | | | | |
| **पूँजी र जगेडा** | | | | |
| शेयर पूँजी | १ | | ५२६,५२६,०६० | ४२१,२१७,६८० |
| जगेडा तथा संचित नाफा | २ | | ६७८,७३०,८५८ | ७४३,५९२,२९४ |
| | | | **१,२०५,२५६,९१८** | **१,१६४,८०९,९७४** |
| **दिर्घकालिन ऋण** | ३ | | ७,६४९,२१५ | ८,६९६,७१२ |
| | | **जम्मा** | **१,२१२,९०६,१३३** | **१,१७३,५०६,६८६** |
| **सम्पत्ति** | | | | |
| **स्थिर सम्पत्ति** | ४ | | ६८८,३१२,६२८ | ७१७,९४५,४७२ |
| **अमूर्त सम्पत्ति** | ५ | | १,७९२,३५४ | २,७१५,९७७ |
| **निर्माणाधीन पूँजीगत कार्य** | ६ | | १९५,१९८,७७२ | १७८,५५४,४९९ |
| **लगानी** | ७ | | ८३,९६६,५३८ | ६५,९६६,५३८ |
| **स्थगन कर सम्पत्ति** | | | ४५,८२५,०१० | ५१,८५३,१८७ |
| **चालू सम्पत्ति** | | | | |
| जिन्सी मौज्दात | ८ | | ५९,७९१,४१६ | ६६,७४६,६५१ |
| विविध असामी | ९ | | २३३,९०७,३९८ | २३६,६४५,५३४ |
| नगद तथा बैंक मौज्दात | १० | | १९४,६७७,०८६ | २५६,४६६,६७७ |
| कल खाता /आवधिक निक्षेप खाता | | | १७३,११०,५४४ | ५९,४१८,१९० |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ११ | | २०२,२६१,८९० | १९७,७८३,१०३ |
| | | | ८६३,७४८,३३४ | ८१७,०६०,१५५ |
| **न्यून: चालु दायित्व तथा व्यवस्था** | | | | |
| चालु दायित्व | १२ | | ३३७,०५८,१५६ | ३३६,६४५,१८४ |
| प्रस्तावित लाभांश | | | ५८,१९४,९८६ | २७,७११,६८९ |
| व्यवस्था | १३ | | २७३,४३८,६९८ | ३०१,७४०,९४४ |
| | | | ६६८,६९१,८४० | ६६६,०९७,८१७ |
| **खुद चालु सम्पत्ति** | | | १९५,०५६,४९४ | १५०,९६२,३३८ |
| **स्थगन खर्च** | | | **२,७५४,३३७** | **५,५०८,६७५** |
| | | **जम्मा** | **१,२१२,९०६,१३३** | **१,१७३,५०६,६८६** |
| **सम्भावित दायित्व** | १४ | | **११,५२६,२४९** | **११,५२६,२४९** |
| **प्रमुख लेखा नीति तथा अन्य व्याख्यात्मक टिप्पणीहरु** | **२१** | | | |

माथि उल्लेखित अनुसूची १ देखि १४ र २१ वासलातका अभिन्न अंग हुन् ।

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष**

**दुर्गा श्रेष्ठ (श्रीमती)**
**मुख्य लेखापाल**

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

वासलात संग सम्वन्धित हाम्रो सोही मितिको संलग्न प्रतिवेदनको आधारमा

**शशि राज पाण्डे**
**रामहरि शर्मा सेढाई**
**जया राज्य लक्ष्मी शाह**
**विजय बहादुर श्रेष्ठ**
**रवि भक्त श्रेष्ठ**
**राजेश काजी श्रेष्ठ**
**शान्थ असिरी डि सिल्वा**
**निरन्जन कुमार टिबरेवाला**
**संचालकहरु**

**प्रभुराम भण्डारी**
**प्रभुराम भण्डारी**
**प्रबन्ध साझेदार**
**निमित्त जोशी एण्ड भण्डारी**
**चार्टर्ड एकाउण्टेण्टस्**
**काठमाण्डौं ।**
**मिति : १३ मंसिर २०७३**
**(२८ नोभेम्बर २०१६)**

# सोल्टी होटल लिमिटेड

## ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) मा समाप्त भएको वर्षको नगद प्रवाह विवरण

रुपैयाँ

| | विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|---|
| क) | **आयकर तथा असाधारण शीर्षक अधिको खुद मुनाफा** | १३७,२४९,६६८ | २७१,५३८,७३० |
| | **समायोजन गरेको:** | | |
| | स्थिर सम्पत्तिको ह्रास | ७९,८४०,८८४ | ७८,३२०,०७० |
| | अमूर्त स्थिर सम्पत्ति अपलेखन गरिएको | ९२३,६२३ | ९५८,४३७ |
| | स्थगन खर्च अपलेखन गरिएको | २,७५४,३३८ | २,७५४,३३८ |
| | स्थिर सम्पत्तिको अपलेखन गरिएको | ५५३,१५० | - |
| | लगानीबाट आम्दानी | (६,५००,०००) | (९,२००,०००) |
| | बोनस व्यवस्था | १३,७२४,९६७ | २७,१५३,८७३ |
| | कर्मचारी आवास व्यवस्था | ७,९४६,०३३ | १५,७२०,६६३ |
| | स्थिर सम्पत्ति निसर्गबाट (नाफा) र नोक्सान | (४३५,३६०) | (१,२४४,९५२) |
| | **कार्यशील पूँजी परिवर्तन अधिको संचालन मुनाफा** | **२३६,०५७,३०३** | **३८६,००१,१६०** |
| | **समायोजन गरेको:** | | |
| | चालु सम्पत्तिमा भएका कमी /(वृद्धि) | ५,२१४,५८४ | ११५,५७०,९५७ |
| | चालु दायित्वमा भएका वृद्धि/(कमी) | ७१६,९७० | ९०,११३,५७९ |
| | व्यवस्थाहरुमा भएका वृद्धि/ (कमी) | (८२,५५६,७६७) | (११४,८०४,०३५) |
| | स्थगन खर्चमा भएका कमी /(वृद्धि) | - | (८,२६३,०१३) |
| | **संचालन गतिविधिबाट खुद नगद** | **१५९,४३२,०९०** | **४६८,६१८,६४७** |
| ख) | **लगानी गतिविधिको नगद प्रवाह :** | | |
| | लाभांश आम्दानी | ६,५००,००० | ९,२००,००० |
| | आवधिक मुद्दति | (११३,६९२,३५४) | (५९,४१८,१९०) |
| | सोल्टी हस्पिटालिटि लि. मा शेयर लगानी | (१८,०००,०००) | (३६,०००,०००) |
| | स्थिर सम्पत्तिको वृद्धि / निर्माणाधीन पूँजीगत कार्य | (७१,८६७,३८४) | (१४४,०८४,२२९) |
| | स्थिर सम्पत्तिको विक्रीबाट प्राप्त भएको रकम | ४,८९७,२८२ | २,४४५,०४२ |
| | **लगानी गतिविधिमा प्रयोग भएको खुद नगद** | **(१९२,१६२,४५७)** | **(२२७,८५७,३७७)** |
| ग) | **वित्तीय गतिविधिको नगद प्रवाह :** | | |
| | सुरक्षित सवारी साधन ऋण | (१,०४७,४९७) | ८,६९६,७१२ |
| | बोनस शेयरको खण्डित मूल्य नगद (भुक्तानी) / प्राप्ती | ३,९६० | (१,१८८) |
| | लाभांश भुक्तानी | (२८,०१५,६८७) | ( ५३,८४०,००६) |
| | **वित्तीय गतिविधिबाट प्राप्त खुद नगद** | **(२९,०५९,२२४)** | **(४५,१४४,४८२)** |
| | नगद र नगद सरहमा खुद वृद्धि र (कमी) (क + ख + ग) | (६१,७८९,५९१) | १९५,६१६,७८८ |
| | **३१ आषाढ २०७२ (१६ जुलाई २०१५)** को नगद र नगद सरह | २५६,४६६,६७७ | ६०,८४९,८८९ |
